"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

सहकारिता

SAHAKARITA

द्वैमासिक

बर्ष ८ अंक १५, साउन-भदौ, २०७६ www.ncbl.coop July 2019 - September 2019

# सहकारी बैंकको स्थापना दिवस देशभर मनाइयो

## एकै दिन ५ हजार सहकारीकर्मीहरुसंग सहकारी कानुन बारे अन्तरक्रिया

ललितपुर

राष्ट्रिय सहकारी बैंक लिमिटेडको १७ औं स्थापना दिवस तथा १६ औं कारोबार शुभारम्भ दिवस देशभर मनाइएको छ । सहकारी बैंकले २०६१ साल असार २५ मा दर्ता भई साउन १९ गतेबाट कारोबार शुरु गरेको थियो। कारोबार शुरु भएको दिनलाई बैंकले स्थापना दिवसका रुपमा मनाउँदै आएको छ।

बैंकका ४४ वटै शाखामा सहकारीका लागि विद्यमान कानुन: अवसर र चुनौती विषयक शाखा स्तरीय गोष्ठीको आयोजना गरी स्थापना दिवस मनाइएको हो ।

सहकारी मार्फत गरिने उत्पादनमुलक, सेवामुलक र वित्तीय कारोबारका लागि विद्यमान ऐन कानुनहरुमा रहेका समस्या र तिनको समाधानका लागि पहलकदमी गर्न सहज होस् भनेर एकै दिन देशभरका सहकारीकर्मीहरु बीचमा कार्यक्रम गरिएको बैंकका अध्यक्ष केवी उप्रेतीले बताउनुभयो।

बैंकले सञ्चालक समिति, लेखा समिति र उच्च व्यवस्थापनका २९ जनालाई केन्द्रीय प्रतिनिधिको रुपमा ४४ वटा शाखाले आयोजना गरेको कार्यक्रममा प्रतिनिधिका रुपमा पुगेर सहकारीमा विद्यमान कानुन : अवसर र चुनौती विषयमा सहजीकरण गरेका थिए ।

स्थापना दिवस काठमाडौंमा गरिदै आएकोमा यसपटक देशभर मनाउने, दिवसका अवसरमा शुभकामना मात्रै नभएर सहकारी संस्थाहरुलाई आवश्यक कानुनहरुको बारेमा छलफल गरी समाधानको उपाय खोज्न देशभर कार्यक्रम गरिएको बैंकका अध्यक्ष के.बी. उप्रेतीले जानकारी

*बाँकी पेज १० मा*




**सहकारीलाई कानुनी झन्झटबाट मुक्त गरौं : उपप्रधानमन्त्री यादव**

राष्ट्रिय सहकारी बैंकको स्थापना दिवसको अवसरमा १९ साउनमा केन्द्रीय कार्यालयले आयोजना गरेको एक विशेष कार्यक्रमलाई नेपाल सरकारका उपप्रधानमन्त्री तथा स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवले सम्बोधन गर्दै सहकारीमार्फत गरिबी र बेरोजगारीको समस्या समाधान गर्न सकिने भएकाले सहकारीलाई सबै कानुनी झन्झटबाट मुक्त गर्न सरकार लागि पर्ने बताउनुभयो । उहाँले गरिबीको अन्त्यका लागि सबेभन्दा अचुक सस्त्र सहकारी रहेको औल्याउँदै बैंकले सहकारीलाई उत्पादनलगायतका क्षेत्रमा लगानी गर्ने वातावरण बनाउन सहकारी मैत्री ऐन नियम बनाउन पहल गर्ने समेत बताउनुभयो ।

राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशव बडालले सहकारीलाई निषेध गरेर समग्र देश विकासको परिकल्पना गर्न नसकिने भएकाले ऐन कानुन सहकारी मैत्री हुनुपर्नेमा जोड दिनुभयो ।

सो कार्यक्रममा अधिवक्ता रमेश बडालले तीन दर्जन बढि ऐन नियमले सहकारीलाई स्वीकार नगरेको अवस्था रहेको बताउनुभयो। राष्ट्र बैंकका डेप्युटी गर्भनर चिन्तामणी शिवाकोटीले सहकारी ऐनले राष्ट्र बैंकलाई सहकारी संस्थाहरुलाई हेर्न मिल्ने भनेर हुँदैन राष्ट्र बैंक ऐनमा समेत सो कुरा उल्लेख गर्नुपर्ने बताउनुभयो । सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डेले सहकारीको सुशासन र वित्तिय अनुशासन कायम गर्न विभागले भूमिका खेल्ने बताउनुभयो । सो समारोहमा अन्य विशिष्ट व्यक्तित्वहरुको उपस्थिति थियो ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**

के.बी. उप्रेती

लक्ष्मी प्रसाद उप्रेती

बद्री कुमार गुरागाईं

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक**

माधवलाल देवकोटा

**सदस्यहरू**

राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**

नविन कुमार कार्की

**प्रधान सम्पादक**

राम बहादुर जि.सी.

**सहयोगी**

नविन पौडेल, मनोज श्रेष्ठ, बिबेक खड्का, सस्मित ढुंगाना

**ठेगाना**

राष्ट्रिय सहकारी बैंक लिमिटेड

कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर

फोन नं : ०१-५१८०१८२

फ्याक्स: +९७७-०१-५५५५६८७

E-mail: publication@ncbl.coop

ncbl@ncbl.coop

Website: www.ncbl.coop

**मुद्रण**

हिमालयन अफसेट प्रिन्टिङ्ग प्रेस

बालकोट, भक्तपुर


## सम्पादकीय

# सहकारी मैत्री कानुन निर्माणमा ध्यान दिऔं

अन्तरिम संविधान २०६३ ले तीन खम्बे अर्थनीतिलाई स्वीकार गऱ्यो। संविधान सभाबाट बनेको नेपालको संविधान २०७२ ले समाजवाद उन्मुख अर्थतन्त्रको विकासका लागि सहकारी सहितको तीन खम्बे अर्थनीतिलाई अगाडि बढाएको छ। राज्य, नीजि र सहकारी क्षेत्रको विकास मार्फत देशको अर्थतन्त्रमा सुधार ल्याउने संविधानको मर्म रहेको छ। सहकारी क्षेत्रले जनतालाई आयआर्जन गर्न, वचत गर्न र निष्क्रिय रहेको पूँजिलाई परिचालन गर्न महत्वपूर्ण भूमिका खेलेका कारण दलहरुले संविधानमै सहकारीलाई महत्वपूर्ण स्थान दिएका छन्। संविधानको मर्म र भावना अनुसार अगाडि बढ्ने हो भने सहकारीको भूमिकालाई थप प्रभावकारी बनाउन जरुरी छ। सहकारी क्षेत्रले पूँजि परिचालनमा जसरी योगदान गरेको छ, त्यसैगरी स्थानीय स्रोतको परिचालनमा ध्यान दिन सक्यो भने अवस्य पनि देश आत्मनिर्भर बन्न सक्छ। आज पनि स्वदेशमा उत्पादन हुन सक्ने वस्तु विदेशबाट आएन भनेर रोइलो गर्नु अवस्था छ। हाम्रो देशमा रहेका स्रोतहरुको अधिकतम उपयोगका लागि सहकारी क्षेत्रलाई केन्द्रीत गराउन राज्य र सहकारी अभियानले थप सक्रियता बढाउन जरुरी छ।

देशको अर्थतन्त्रको विकासमा सहकारी क्षेत्रको योगदानको कुरा गरी रहदा सहकारी ऐन र अन्य ऐनहरुबीचको समस्याका कारण पनि उत्पादन, प्रशोधन र बजारीकरणमा बढी सहकारीलाई केन्द्रीत बनाउन नसकिएको देखिन्छ। सहकारी ऐनले भने अनुसार काम गर्न लागेका सहकारीहरुलाई अन्य ऐनका कारण काम गर्न झन्झट हुने अवस्था रहेको छ। झण्डै ३ दर्जन ऐन कानुनहरुले सहकारी ऐनलाई अल्मलाउने अवस्था विद्यमान रहदासम्म सहकारी क्षेत्रले प्रभावकारी काम गर्न सक्दैन। सहकारीहरुले पालना गर्नु पर्ने ऐन कानुनहरुमा मुलत सहकारी ऐन तथा नियमावली भएता पनि सहकारी सञ्चालनको क्रममा, सहकारीको आफ्नो व्यवसाय सञ्चालनको क्रममा र सदस्यका व्यावसायमा सहयोग गर्ने क्रममा अन्य विभिन्न ऐन कानुनहरु आकर्षित हुने तर ती ऐन कानुनका बारेमा सहकारीका समिति तथा व्यवस्थापनमा भएका व्यक्तिहरुमा पर्याप्त जानकारी अभाव भएकोले कतिपय कार्यहरुमा अगाडि बढ्न नसकेका तथा झन्झट व्यहोर्नु परेकोले त्यस्ता ऐन कानुनहरुको बारेमा खोजि गर्ने र सहकारी सञ्चालनमा संलग्न सबैमा जानकारी गराई कानुनी समस्या समाधानमा ध्यान दिन जरुरी छ।

नेपालको संविधानले ३ खम्बे अर्थतन्त्र स्वीकार गरे पनि बिभिन्न ऐन तथा नियमहरूमा अहिले पनि सहकारी सम्बन्धी प्रस्ट व्यवस्था नभएकोले सहकारी मैत्री कानून बनाउन सहकारी महासंघ लगायत सरोकारवाला निकायहरुले ध्यान दिन जरुरी छ। सहकारीलाई उत्पादनमा लगाउनु पर्छ भनेर भाषण गरिरहदा सहकारीले के कारणले उत्पादनमा लाग्न सकेनन्, किन सहकारीलाई काम गर्न समस्या भयो भन्ने विषयको खोजी गरी सहकारी ऐनसंग बाझिने र सहकारीमार्फत गर्न थालिएका व्यवसायलाई अप्ठेरो पर्ने कानुन संशोधन गरी सहज वातावरण बनाउन सकेमा सहकारीको योगदान बढाउन सकिन्छ।






# दीगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी क्षेत्रको कार्ययोजना



सरिता भट्टराई
सञ्चालक, राष्ट्रिय सहकारी बैंक लि.

**"महिलाहरुलाई दोस्रो दर्जाको नागरिक मान्ने हाम्रो समाजमा पछिल्लो दशकमा सहकारी संस्थाहरुमा महिलाहरुको सहभागिता र महिला सहकारीहरुको स्थापनाले महिला सशक्तिकरणमा ठूलै परिवर्तन ल्याएको छ । देशमा समृद्धिको लागि आर्थिक परिवर्तनले मात्र पुग्दैन यसको लागि सामाजिक, सांस्कृतिक र वातावरणीय परिवर्तन गर्न समेत जरुरी छ, त्यसको लागि सहकारी व्यावसाय अपरिहार्य छ ।"**

**पृष्ठभूमि**

सहकारीको जन्म हुनुमा बेलायती नागरिक रवर्ट ओवेनको महत्वपुर्ण भूमिका छ । तत्कालीन समयमा बेलायतको गरिवी, बेरोजगारी, भोकमरी र विभेदीकरण जस्ता समस्यावाट मुक्ति पाउन तथा आर्थिक, सामाजिक, नैतिक परिवर्तन गर्न उनले सहकारीलाई माध्यम बनाए । उनकै प्रेरणावाट बेलायतका रोचडेलीहरुले सन् १८४४ मा रोचडेली इक्विटेवल पायनियर नामक सहकारी संस्थाको स्थापना गरे । औद्योगिक क्रान्तिका कारण नै बेलायतमा सहकारी संस्थाको स्थापना भएको हो ।

नेपालको सन्दर्भमा वि.सं.२०१३ चैत्र २० गते चितवनको बखान ऋण सहकारी समितिको स्थापनाबाट सहकारीको शुरुवात भएको हो । २०१३ सालदेखि सहकारी संस्था फाट्ट फुट्ट देखिए पनि सहकारी ऐन २०४८ जारी भएपछि भने सहकारी बलियो रुपमा अगाडि आए । नेपालको संविधानले समेत सहकारीलाई ३ खम्वे अर्थनीतिको एउटा महत्वपूर्ण खम्बाको रुपमा स्वीकारेको छ । हाल देशमा विभिन्न प्रकृतिका ३४ हजार ५ सय १२ सहकारी संस्थाहरु, (सहकारी विभागको २०७५ फागुन सम्मको रेकर्डमा ३४ हजार ७ सय ३७ वटा) ६९ वटा जिल्ला सहकारी संघ, २५६ वटा जिल्लास्तरीय सहकारी संघ, २० वटा केन्द्रीय संघहरु र एउटा मात्र सहकारी बैंक र शीर्षस्थ निकायमा एउटा राष्ट्रिय सहकारी महासंघ रहेको छ ।

विश्वभरिकै अभ्यासलाई अध्ययन गर्दा अर्थव्यवस्था भित्र ३ प्रकारका व्यवसायहरु भएको पाईन्छ सरकारी, सहकारी र निजी । सोही अनुरुप नेपालको संविधानमा समेत ३ खम्वे अर्थनीतिमा सहकारी समेटिएको छ । देशमा वेरोजगारी, गरिवी बढ्नुको पछाडि साधन र स्रोतहरुको पहुँच सीमित व्यक्तिमा मात्र हुनु नै हो । सहकारी व्यवसाय यस्तो व्यवसाय हो, जसले उत्पादित साधन स्रोत अर्थात आम्दानीलाई बहुसङ्ख्यक जनतामा वितरण गर्दछ । उत्पादित बस्तु तथा सेवाको आम्दानी बहुसङ्ख्यक जनतामा वितरण हुँदा उनीहरुको बजार मागको प्रबृतिमा बृद्धि आउँछ, जसले गर्दा उत्पादनमा बृद्धि हुन्छ, सरकारको राजस्व बढ्छ, रोजगारी बढ्छ र अर्थतन्त्रमा समृद्धि आउँछ । यो एउटा यस्तो चक्र हो जसले अर्थतन्त्रको विकासमा सहयोग गर्दछ । सैद्धान्तिक रुपमा पनि यो एउटा सामाजिक न्याय स्थापित गर्ने व्यवसाय हो । नेपालको कुल गार्हस्थ उत्पादनमा सहकारी क्षेत्रको करिव ४ प्रतिशत योगदान छ । उत्पादन तथा सेवा व्यवसायमा सहकारीहरु अगाडि बढिरहेका छन् । नेपाल जस्तो सानो जनसङ्ख्या र भुगोल भएको देशमा आज ३४ हजारभन्दा बढी सहकारी संघ/संस्थाहरु दर्ता भइ कार्यरत छन भने ६० लाखभन्दा बढी नागरिक सहकारीमा आवद्ध छन । करिव ६५ हजारले प्रत्यक्ष रोजगारी पाइरहेका छन । स्वरोजगारी त लाखौंको सङ्ख्यामा छन् । साहु महाजन, जमीनदारबाट ३६ प्रतिशतभन्दा बढीमा कर्जा लिन बाध्य जनताहरु आज आफनै संस्थाबाट सर्वसुलभ दरमा, बिना झन्झट कर्जा प्राप्त गरी आफ्ना सानातिना गर्जो टार्नुका साथै ठूलाठूला व्यवसाय गरेर जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याएका छन् । सहकारीमा जातजाति, भाषा भाषि, क्षेत्र, वर्ण, आर्थिक हैसियतका आधारमा सदस्यता वा कारोवारमा भेदभाव गर्न पाइँदैन, कतै छ भने राज्यले नियमन तथा नियन्त्रण गर्न जरुरी छ । सदस्यहरुका आवश्यकताका आधारमा तालिम तथा शिक्षा प्रदान गरी उनीहरुलाई स्वावलम्वन गराएका छन् । युवाहरु विदेशीएर रित्तिएका गाउँहरुमा चाडबाडहरुमा भएको शुन्यतालाई चिर्दै सामुहिक तीर्थ ब्रत, चाडबाड मिलन, बनभोज अर्थात जनतामा खुसी ल्याउनुका साथै सामाजिक तथा साँस्कृतिक परिवर्तनमा सहकारी संस्थाहरुको अतुलनीय योगदान रहेको छ ।

महिलाहरुलाई दोस्रो दर्जाको नागरिक मान्ने हाम्रो समाजमा पछिल्लो दशकमासहकारी संस्थाहरुमा महिलाहरुको सहभागिता र महिला सहकारीहरुको स्थापनाले महिला शसक्तिकरणमा ठूलै परिवर्तन ल्याएको छ । देशमा समृद्धिको लागि आर्थिक परिवर्तनले मात्र पुग्दैन यसको लागि सामाजिक, सांस्कृतिक र वातावरणीय परिवर्तन गर्न समेत जरुरी छ, त्यसको लागि सहकारी व्यवसाय अपरिहार्य छ ।

संयुक्त राष्ट्र संघले दीगो विकासका लागि सहकारीलाई महत्वपूर्ण औजारका रुपमा लिएको छ । विभिन्न अन्तर्राष्ट्रिय फोरमहरुमा अर्थविद्, समाजशास्त्रीहरुले सहकारीले दीगो विकास लक्ष्यका एजेन्डाहरुलाई नअंगाल्ने हो भने लक्ष्य प्राप्ति हुन नसक्ने धारणा नै राखेका छन् । त्यसैले संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय सहकारी महासंघलाई साथ लिएर अघि बढेको छ । सोही अनुरुप महासंघले

आफ्ना सदस्य सहकारी संघमार्फत  सदस्य र समुदायको विकास गर्न तोकिएका लक्ष्यअनुसार काम गर्न विश्वभरिका संघलाई आह्वान गरेको छ । दीगो विकासका लागि दीगो समाज बनाउनुपर्ने हुन्छ । यी दुवै नितान्त फरक तर अन्तरसम्बन्धित विषय हुन । दीगो समाज भन्नाले समाजलाई सुरक्षित, सुव्यवस्थित र प्रत्येक व्यक्ति प्रत्येक प्रति जिम्मेवार र जवाफदेही हुनुपर्छ भन्ने मान्यता छ । सहकारी संस्थाहरुले यसैलाई आधार मानेर आफ्नो समुदायमा भएका सदस्यहरुको आधारभूत आवश्यक्ता पूरा गराइ सबैमा स्वथ्य, सुरक्षित र सुखी बनाउनुपर्छ । त्यस्तै प्राकृतिक श्रोत साधन सुरक्षित, सम्वर्द्धित र प्रवर्द्धित गराउने र अर्थतन्त्र गतिशील भइ रोजगारी र लगानीका अवसरहरु प्राप्त गर्दै जीवनस्तरमा सुधार आएको हुनुपर्छ । त्यस्तै सामाजिक जीवनका लागि आवश्यक बानी व्यहोरा, आचरण, चेतना, ज्ञान सीप र स्वभाव अनुकुल भै प्रत्येक व्यक्ति अर्कोप्रति जिम्मेवार र इमान्दार हुनुपर्छ । समाज विकासको आधारशीला भनेको मानव समृद्धि, वातावरणीय समृद्धि र आर्थिक समृद्धि नै हुन् ।

**के हो त दीगो विकास लक्ष्य ?**

सन् १९८० देखि बढेको आर्थिक एकीकरणबाट विश्व अर्थतन्त्रमा केही मुलुकहरुले आर्थिक वृद्धि गरे तापनि सोही अनुरुप रोजगारी सिर्जना गर्न सकेनन् । बरु पूँजीले आयको शोषण भएर असमानताको खाडल बढ्यो, गरिबी केही घटे पनि गरिबहरुको जीवनस्तर सुध्रन सकेन । त्यसैले सन् १९९० को दशकभरि यो विषयलाई ध्यान दिइयो र विकास भनेको मानव विकासका सामाजिक, लैंगिक, वातावरणीय पक्षलाई आर्थिक बृद्धिले मात्र नसमेट्ने र दीगो विकास पनि हुन नसकिने देखेर यसलाई नीतिगत रुपमा सम्वोधन गर्न मानव विकास प्रतिवेदनहरु तयार गर्न लागियो । यसको मुख्य  उद्देश्य भनेको प्रत्येक परिवार तथा मानवबीच  कुनै प्रकारको भेदभाव नहोस् भन्ने रहयो ।

त्यसकै आधारमा सन् २००० मा तत्कालीन १८९ सदस्य राष्ट्रका प्रतिनिधिहरु विश्वका लागि लक्ष्यहरु तय गर्न भेला भएका थिए । जसलाई सहश्राब्दी विकास लक्ष्य नाम दिएको थियो ।  त्यसमा ८ वटा लक्ष्य सन् २०१५ सम्ममा हासिल गरिसक्नुपर्ने थियो । नेपालले पनि यसलाई अनुमोदन गऱ्यो सो अनुसारको लक्ष्य बनाइ प्राप्तिका लागि निरन्तर प्रयास गऱ्यो । सबै  सदस्य राष्ट्रहरुमा लक्ष्य प्राप्तिका लागि निरन्तर प्रयास भए तापनि  खासगरी .विकासोन्मुख देशहरुमा प्रत्यक्ष पुग्न नसकेको कारणबाट ती लक्ष्यहरु पूर्ण रुपमा प्राप्त  हुन सकेनन् । जति सफल भए त्यसमा सहकारीमार्फत गरेका क्रियाकलापहरु अधिक देखियो । विश्व अर्थ व्यवस्थाले सहश्राब्दी विकासका लक्ष्यहरु सफल पार्न सहकारी अर्थ व्यवस्थाको स्मरण गऱ्यो । सहकारी अर्थ व्यवस्थाको निरन्तरता र अन्तर्निहित चरित्रको कारण व्यवसायको यो पद्धति दीगो विकासका लागि अपरिहार्य रहेको निष्कर्ष रहयो । फलस्वरुप सन् २००९ को संयुक्त राष्ट्रसंघको महासभाले विश्वभर सन् २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी वर्ष मनाउने घोषणा गऱ्यो ।

अन्तर्राष्ट्रिय सहकारी महासंघले सहकारी वर्ष समापन साथै सन् २०१३ मा सन् २०११ देखि सन् २०२० सम्म आगामी एक दशकको लागि सहकारी सम्बन्धी योजना (Blueprint for A Cooperative Decade) सफल बनाउन नेपाललगायत सम्पूर्ण देशहरुलाई आह्वान गऱ्यो । यो योजनालाई संघले vision 2020 नामाकरण दिएको छ । सहकारी महासंघले जारी गरेको यो योजनाले मुख्यतः ५ विषयहरुः   सहभागिता (Participation), दीगोपना (Sustainability) , पहिचान (Identity), वैधानिक संरचना (Legal framework) र पूँजी (Capital) समेटेको छ ।

सन् २०१५ मा भएको सहश्राब्दी विकास लक्ष्यको समीक्षाबाट विश्वकै सबै मुलुकलाई लक्षियत गरी लक्ष्य तय गर्नुपर्छ भन्ने निष्कर्ष निकाल्दै सो को निरन्तरताका लागि सन् .२०१५ सेप्टेम्वरमा १९३ सदस्य राष्ट्रहरुको सहभागितामा सम्पन्न संयुक्त राष्ट्र संघको शिखर महासम्मेलनले पारित गरेर १ जनवरी २०१६ देखि २०३० सम्मका लागि  दीगो विकास लक्ष्य हासिल गर्न 'दीगो विकास लक्ष्य २०३० घोषणा भयो । यो घोषणामा १७ वटा लक्ष्य पूरा गर्न १६९ वटा परिणात्मक लक्षहरु र २३२ वटा विश्वव्यापी सूचक निर्धारण गरिएको छ । जसमा कार्यसूचीका रुपमा आर्थिक, सामाजिक र वातावरणीय तीनओटा खम्बाहरूमा भर पर्छ ।  यी लक्ष्यहरुले विशेष गरी  (मानव) People, (समृद्धि) Prosperity, (विश्वब्रम्हाण्ड) Planet, (शान्ति) Peace र (साझेदारी) Partnership गरी ५ वटा क्षेत्रलाई केन्द्रित  गरेको छ ।

दीगो विकास लक्ष्य तयारीको लागि नेपालसहित ८३ वटा अन्तर्राष्ट्रिय सर्भेक्षणहरु भए भने ७० लाख व्यक्तिहरु यसमा संलग्न भए । जुन संयुक्त राष्ट्रसंघको इतिहासमा मानिसलाई प्रयोग गरिएको सवैभन्दा ठूलो अभियान हो ।

**नेपालमा दीगो विकास लक्ष्य**

दीगो विकासका लक्ष्यलाई विश्वभर आफ्ना उद्देश्य र योजनामा राखी यो पृथ्वीलाई भोलीका जेनेरेसनका लागि समेत बस्न उपयुक्त हुने गरी विकास गर्न संयुक्त राष्ट्रसंघले सन २०१५ सेप्टेम्वर २५मा यसको आह्वान गरेको हो । सोही समयमा सन् २०१५ को अप्रिलमा गएको ठूलो भूकम्प पश्चात् नेपालका राजनैतिक दलहरू नयाँ संविधान घोषणा गरेर मुलुकमा लम्बिँदै गएको द्वन्द्वपछिको सङ्क्रमणकाललाई अन्त्य गर्न सहमत भए । यसै अनुरुप नेपालले पनि यसलाई अनुमोदन गरी यसको मर्मलाई नयाँ संविधानमा समेत समावेश गर्न सफल भयो ।  संविधानले फराकिलो आधारको दीगो समृद्धि हासिल गर्ने चाहनाहरूसहित सङ्घीय गणतन्त्रात्मक समावेशी शासन व्यवस्थालाई संस्थागत गरेको छ । यस अनुसार नै दीगो



विकास लक्ष्यले सन् २०३० सम्ममा नेपाललाई न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना गरेको छ ।

नेपालले यो घोषणालाई सन्.२०१६ मै अनुमोदन गरी यो घोषणाउन्मुख लक्ष्य प्राप्तिका लागि आर्थिक सामाजिक क्षेत्रलाई लक्षियत गरी सम्वन्धित निकायसंग पहल गरेर हालसम्म मुख्य रुपमा अब सबै क्षेत्रले यही दीगो.विकासका लक्ष्यअनुरुप योजना बनाउनुपर्छ भन्ने सोच बनेको छ । यो ३ वर्षमा एउटा आर्थिक तथा सामाजिक जीवनस्तर वृद्धि गर्ने योजना तयार गर्ने गराउने उपलब्धिहरु हासिल भएका छन् । संयुक्त राष्ट्रसंघले परिभाषित गरेको अति कम विकसित देशहरूको सूचीबाट विकासशील राष्ट्रहरूमा सन् २०३० अगावै नेपाल स्तरोन्नति भइसक्नेछ भन्ने अपेक्षा राखिएको छ। नेपालले सन् २००० र २०१५ को बीचमा हासिल गर्ने भनी राखिएका सहस्राब्दी विकास लक्ष्यहरूमध्ये सबैजसो लक्ष्यहरूमा सकारात्मक नतिजा प्राप्त गरेको थियो । । तथापि,यस्तो उपलब्धि सामाजिक समूहहरू, लैङ्गिक र भौगोलिक क्षेत्रहरूको दृष्टिकोणले समान रूपमा हासिल हुन सकेको छैन । यिनै उपलब्धिहरूको जगमा नेपालले सन् २०३० सम्ममा दीगो विकासका लक्ष्यहरू सबै नभए पनि अधिकांश हासिल गर्नेछ । क्षेत्रीय अर्थतन्त्रलाई वातावरण परिवर्तनविरुद्ध लड्दै उर्जाका स्वच्छ स्रोतहरूतर्फ लैजान नेपालले महत्वपूर्ण भूमिका निभाउनेछ । यसका लागि नेपालको सर्वसम्मत कार्यसूची हुनु आवश्यक छ ।

दीगो विकास लक्ष्य दीर्घकालीन विकास गन्तव्य भएकाले केन्द्र, प्रदेश र स्थानीय सरकारले विभिन्न संघ संस्था, सहकारी, निजी तथा सम्वन्धित निकाय संग समन्वय गर्दै यसलाई पूर्णता दिन जरुरी छ । जसले आउँदो दुई दशकसम्म कम्तीमा ७ प्रतिशतको तीव्र आर्थिक वृद्धिदर हासिल गर्ने दिशातर्फ नेपाललाई अगाडि बढाउँछ । यसको साथसाथै सुदृढ मानव क्षमताहरू विकास गर्ने प्रयत्नहरू र मुलुकको वातावरण र प्राकृतिक स्रोतहरूलाई संरक्षण गर्दै प्राकृतिक तथा आर्थिक संकट वहन गर्नसक्ने बनाउन अन्तर्राष्ट्रीय उत्थानशीलतालाई बढाउनु जरुरी छ। यसप्रकार विकासका साधनहरूको गतिलाई अगाडि बढाउने मात्र नभई विकासको साध्यलाई उत्तिकै रूपमा भरथेग तथा पोषण गर्ने दूरदृष्टि पनि हुनुपर्छ । यसो गर्नु भनेको जनताका छनौटहरू बढाउँदै लैजानु हो । नेपालका लागि दीगो विकास लक्ष्यहरू अनुरूप नेपाली उत्कृष्ट घटनाक्रमहरू र कोसेढुङ्गाहरूको जगमा स्वदेशमै बनेको मार्गचित्र आवश्यक हुन्छ ।

नेपालमा योजना आयोगले सरोकारवाला तथा विषय विज्ञहरुसंगको छलफलपछि एउटा प्रतिवेदन तयार पारेको छ जसमा समयवद्ध सुचकहरु निर्धारण गरी चौधौं योजना र यस वर्ष पन्ध्रौं योजना (२०७६/७७ देखि २०८०/८१) को आधारपत्र तर्जुमा गरेको छ । जसमा संविधानमा व्यवस्था भएका मौलिक हक, राज्यका सिद्धान्त र नीति, दीगो विकास लक्ष्य समेतलाई ध्यान दिएर योजना कार्यान्वयन गर्ने सोच बनाएको छ । वर्तमान सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" को परिकल्पना पूरा गर्न आगामी वि.सं २१०० सम्मको २५ वर्षे दीर्घकालीन सोच यसको प्रारम्भिक स्वरुप हो । उक्त सोच हासिल गर्न वार्षिक योजना बनाएर कार्य गर्न लागिएको हो । योजनाले लिएको उद्देश्य पनि विश्व संगसंगै हाम्रो देशमा पनि आर्थिक वृद्धि होस् भन्ने हो जसका लागि दीगो विकासका विभिन्न रणनीति र उपलब्धिसमेत निर्धारण गरिएको छ । सन् २०३० सम्म कार्यान्वयनमा आउने सबै तहका वार्षिक कार्यक्रमले दीगो विकासका लक्ष्यलाई समेट्दै सहकारी, सरकारी, गैरसरकारी क्षेत्रबाट आउने योजना तथा क्रियाकलाप सबैले यो लक्ष्यको मर्मलाई आत्मसात गर्नुपर्ने हुन्छ ।

राज्यले आर्थिक वर्षको विकास कार्यक्रममा आयोजनाको विश्लेषण गर्ने संयन्त्रका रुपमा दीगो विकास लक्ष्य सूचक अभ्यासमा ल्याउन थालेको छ । योजना आयोगको १५ औं योजनाका लागि तयार पारिएको आधारपत्र अनुसार दीगो विकास लक्ष्य कार्यान्वयन गर्न वार्षिक रु २० खर्व २५ अर्व लाग्ने अनुमान छ। जसमा वार्षिक औसत रकम मध्ये रु.११ खर्व ११ अर्व सरकारी क्षेत्रवाट, रु.७ खर्व ३९ अर्व निजी क्षेत्रवाट, रु.८७ अर्व सहकारी तथा गैरसरकारी क्षेत्रवाट र रु ८८ अर्व घर परिवार क्षेत्रवाट लगानी गर्नु पर्ने अनुमान गरेको छ। सहश्राव्दी लक्ष्यहरु हासील गर्न सरकारी लगानीको प्रमुख भूमिका हुन्थ्यो भने दीगो विकास लक्ष्य प्राप्त गर्न सार्वजनिक ,निजी, सहकारी एवम सामुदायिक क्षेत्रको उत्तिकै भूमिका हुनेछ। दीगो विकास लक्ष्य सहश्राव्दी विकास लक्ष्यकै निरन्तरता हो यसले गरिव देशहरुलाई पनि समेटेर लगेको छ जबकि सहश्राव्दी लक्ष्य मुख्यतया धनी देशहरुमा मात्र केन्द्रित थियो ।

**दीगो विकास लक्ष्य प्राप्तिमा सहकारी क्षेत्रको भूमिका**

नेपालको संविधानले संघीय गणतन्त्रात्मक शासन प्रणालीको माध्यमवाट सुशासन, विकास र समृद्धि हासिल गरी स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख अर्थतन्त्र विकास गर्ने परिकल्पना गरेको छ। त्यस्तै संविधानको धारा ५० (३) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत समाजवाद उन्मुख स्वतन्त्र र सम्वृद्ध अर्थतन्त्रको निर्माण गर्ने र धारा ५१ (घ १) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने भनी उल्लेख भएको छ । संविधानमा उल्लेख यी बिषयले मुलुकको दीगो विकासमा जोड दिएको छ । संविधान वमोजिम राज्यका तिनै तहले सहकारी क्षेत्र हेर्ने अधिकार छ। ७५३ वटै स्थानीय तह र ७ वटा प्रदेशमा संघीय ऐनको प्रावधानको प्रतिकुल नहुने गरी सहकारी ऐन बनाउनु पर्नेछ ।

नेपालले गत ३ वर्षदेखि दीगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी भन्ने मूल नारा लिएर सहकारी क्षेत्रले दीगो समाज निर्माणमा दिइरहेको योगदान र अब खेल्नुपर्ने भूमिकाका विषयमा विभिन्न कार्यक्रममार्फत बहस, छलफल तथा विवेचना गरिरहेको छ । दीगो विकासका लागि सहकारीमार्फत समावेशी विकास, महिला शसक्तिकरण, युवा स्वरोजगार, व्यवसायिक क्षमताको विकास, व्यवसायिक ढाँचामार्फत गरिवी निवारण, वित्तीय सक्षमता र कृषि क्षेत्रमा सशक्तिकरण जस्ता थप अनगिन्ती कामहरु गर्न सकिने अवसर सिर्जना गरेको छ । यस खण्डमा दीगो विकासका लक्ष्यहरु र सहकारी क्षेत्रले गर्नसक्ने योगदानका विषयहरु प्रस्तुत गरिएको छ ।

| क्रस | दीगो विकास लक्ष्यका एजेन्डा | सहकारीको भूमिका |
|---|---|---|
| १ | **गरिवीको अन्त्य**<br>सन् २०३० सम्ममा गरिवीको अन्त्य गरिसक्ने । | ▪ सबैलाई न्युनतम सामाजिक सुरक्षाको दायरामा ल्याउने । आर्थिक श्रोत साधनमा पहुँच बढाउने, गरिवीका कारण आर्थिक संकट, सामाजिक समस्या र जलवायु परिवर्तनसंग जुध्न सक्ने क्षमताको विकास गर्ने ।<br>▪ लघु वित्त कार्यक्रममार्फत कृषि उद्योग र उत्पादन क्षेत्रमा लगानी गर्ने ।<br>▪ गरिव, असहाय तथा कृषकहरुलाई सहकारीमा आवद्ध गराउने ।<br>▪ सदस्यहरुलाई सहकारीमार्फत सुपथ मुल्यमा मल बीउ उपलब्ध गराइ उत्पादनमा जोड दिने ।<br>▪ वित्तीय साक्षरता कार्यक्रममार्फत आम्दानी खर्चको व्यवस्थापन गर्न सिकाउने साथै फजुल खर्च गर्न रोक लगाउने ।<br>▪ गरिवी निवारण सम्बन्धित कार्यक्रम तथा साधन श्रोतहरुको र समान अधिकारको लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने तथा वकालत गर्ने ।<br>▪ सामाजिक र आर्थिक अवसरहरुलाई समान पंहुँच पुग्ने गरी नीतिहरु बनाउन बजेट विनियोजन भएको सुनिश्चित गर्ने ।<br>साथै आफ्नो कार्यक्षेत्र भएका सदस्यहरुलाई स्थानीयस्तरमा विकास निर्माणका लागि सहभागी हुन र गरिवी निवारणका बारेमा जानकारीमूलक कार्यक्रम र सोही अनुसार काम गर्न विशेष योजना बनाउने । सदस्यहरुको गरिवी हटाउन रोजगारी सिर्जना हुने कार्यक्रमका लागि पहल गर्ने । |
| २ | **भोकमरिको अन्त्य**<br>सन् २०३० सम्ममा भोकमरी तथा कुपोषण अन्त्य गर्ने । सबैलाई खाद्य सुरक्षा प्रदान गर्ने, कृषि उत्पादकत्व १५ वर्षमा दोव्वर गर्ने । | • हामीले बनाउने विभिन्न योजनामध्ये सदस्यहरुको जीवनस्तर उकास्ने कार्यक्रमसहितको योजना तयार गर्दै पौष्टिक र सन्तुलित आहार र व्यवहारवारे ज्ञान हासिल गराउने, सदस्यहरुलाई दैनिक उपभोग्य खाद्य सामग्रीहरुको बचावटबाट भोकमरीको अन्त्य गर्न सकिन्छ भन्ने जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखी सदस्य र संस्थाबीचको सम्बन्धलाई प्रगाढ बनाउने ।<br>• पौष्टिक खानामा सबैको पहुँच सुनिश्चित गराउन सहयोगी भूमिका खेल्ने । |
| ३ | **स्तरीय स्वास्थ्य समृद्ध समाज**<br>सन् २०३० सम्ममा सबैको स्वस्थ्य जीवन र चिरायुको लागि मातृ मृत्युदर घटाउने । नवजात शिशु र बाल मृत्युदर घटाउने , रोगको प्रकोप नियन्त्रण गर्ने, सुखी स्वस्थ परिवारको परिवार कल्याण कार्यहरु गर्ने , सुर्ती तथा मदिराको नियन्त्रण गर्ने साथै स्वास्थ्य वीमालाई वढावा दिन पहल गर्ने । सदस्यहरुका लागि सहकारी अस्पताल खोली सर्वसुलभ स्वास्थ जाँचका लागि सेवा प्रवाह गर्ने । | • सदस्यहरुको स्वास्थ्यसंग जोडिएका विभिन्न कार्यक्रमहरु धुम्रपान, अत्यधिक मदिरा सेवन र नकारात्मक जीवनशैलीका असरहरुबारे शिक्षित गराउने, एचआइभी एड्सलगायत अन्य सरुवा रोगको जोखिम, सरसफाइ र यससंग सम्बन्धित योजनालाई प्राथमिकतामा राख्दै आफ्नो व्यवसायलाई सुरक्षित गर्ने ।<br>• सदस्यहरुको स्वास्थ्य स्थितिबारे जानकार हुन समय समयमा डाटा संकलन गरी उपचारका लागि पहल गर्ने योजना बनाउने ।<br>• सदस्यले खर्चले धान्न सक्ने सर्व सुलभ गुणस्तीयर अत्यावश्यक स्वास्थ्य सेवाको प्रत्याभूत गराउने । |
| ४. | **गुणस्तरीय शिक्षा**<br>सन् २०३० सम्ममा यो लक्ष्यले समावेशी, समतामूलक एवम गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्ने ।<br>सबै बालबालिकाले निशुल्क, समतायुक्त र गुणस्तरीय रुपमा प्राथमिक र माध्यमिक शिक्षा सुनिश्चित रुपमा प्राप्त गर्ने, सदस्य परिवारमा शिक्षाको अवस्था र पहुँच, निरन्तर सहकारी शिक्षा वित्तीय साक्षरता शिक्षा, सीपमुलक तालिम तथा दीगो विकास लक्ष्यका लागि सदस्यहरुको भूमिका आदिका बारेमा सिकाउने । सहकारी क्षेत्रले सहयोग पुर्‍याउन सक्ने क्षेत्रका बारेमा जानकारी दिने । | सम्पूर्ण सदस्यहरुको शिक्षामा सुनिश्चित गरेर आवश्यक्ता अनुसार प्राविधिक तथा व्यवसायिक तालिमबारे योजना बनाउने ।<br>सदस्य परिवारमा छोरा र छोरी दुवैलाई अनिवार्य शिक्षा दिने बारे जानकारी गराउने, संस्थामा सहकारी सम्बन्धी विभिन्न पत्र पत्रिका र पुस्तकालयको व्यवस्थापन गर्ने, शिक्षा र व्यवसायीक तालिमलाई निरन्तर सञ्चालन गर्ने योजना बनाउने र सोही अनुरुप व्यवस्थापनलाई कार्यान्वयन गर्न लगाउने । |
| ५ | **लैंगिक समानता**<br>सन् २०३० सम्ममा लैंगिक समानता हासिल गर्ने, महिला विरुद्धका सबै भेदभावहरुको अन्त्य गर्ने, लैंगिक हिंसाको अन्त्य गर्ने, बालविवाह, महिला बेचबिखनको अन्त्य गर्ने, राजनैतिक, व्यवसायिक र सामाजिक जीवनमा महिलाहरुलाई नेतृत्वदायी भूमिकामा पुरयाउने, महिला सहकारी संस्थाको विकास, सहकारी संस्थामा महिलाको उच्च सहभागिता, आयआर्जनमार्फत महिला सशक्तिकरणमा पहुँच पुर्‍याउने, पुरुष र महिलाहरुमा बराबरी कामको महत्वबारे सदस्यहरुलाई जानकारी गराउने । | • सदस्य तथा कर्मचारीहरुका लागि लैंगिक समानता सुनिश्चित गर्ने नीति तथा कार्यविधि तयार गर्ने । महिला, किशोरी तथा बालबालिकामाथि हुने सबे प्रकारका भेदभाव हिंसा सम्बन्धी सेमिनार, गोष्ठी साथै महिला पुरुष एकसाथ काम गर्नसक्ने आधारसहित क्षमता अभिवृद्दि तालिम योजना बनाइ कार्यान्वयन गर्न लगाउने ।<br>• महिला तथा बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसाको उन्मूलनका लागि महत्वपूर्ण भूमिका खेल्ने । |

| | | |
|---|---|---|
| ६ | **स्वच्छ पानी र सरसफाइ**<br>सबैका लागि सुरक्षित पानी र सफाइ सुविधा सुनिश्चित गर्ने, सबैले समान ढंगले र दीगो प्रकारले पानी र सफाइको सुविधा पाउनुपर्ने, सुरक्षित पानीको श्रोतको एकिकृत ढंगले विकास गर्ने, नदी नाला, ताल तलैया, पोखरी आदिको संरक्षण गर्ने कार्यमा आ आफ्नो क्षेत्रबाट पहल गर्ने, सामुदायीक रुपमा खानेपानी सुविधाको संरचनाको व्यवस्था गर्ने, सहकारी संस्थाका सदस्यहरुलाई स्वच्छ खानेपानीको फाइदाबारेमा जानकारी गराइ सो अनुरुप कार्य गर्न लगाउने । सहकारी र जनसहभागितामा खानेपानी आयोजनाहरु सञ्चालन गर्ने । | • शुद्ध खानेपानी र सरसफाइसंग सम्बन्धित निकायहरुसंग सहकार्य गर्दै सदस्यहरुका लागि स्वच्छ पिउने पानीको पहुँच र महत्व, ढल निकास र फोहरमैला व्यवस्थापनवारे अभिमुखीकरण कार्यक्रमको योजना बनाइ व्यवस्थापनलाई कार्यान्वयन गर्न लगाउने ।<br>• सदस्यहरु मिलेर पानीका मुहान सफा गर्ने ।<br>• सरसफाईका लागि जनचेतना जगाउने, प्रोत्साहन गर्ने सहभागी हुने । |
| ७ | **स्वच्छ उर्जामा सहज पहुँच**<br>सबैलाई दीगो, सहज पहुँचयुक्त र आधुनिक उर्जाको सुविधा पुर्‍याउने, सबैलाई नवीकरणीय उर्जाको पहुँच पुर्‍याउने, सहकारी संस्थाहरुमार्फत जलविद्युत, सौर्य उर्जा, वायु उर्जा, जैविक उर्जालगायतका आधुनिक उर्जा उत्पादनमा संस्थागत रुपले अगाडि बढ्ने । वैकल्पिक उर्जाबारे सदस्यहरुलाई जानकारी गराउने । | • सदस्यहरुको खर्च घटाउनका लागि वैकल्पिक, किफायती, आधुनिक उर्जाको श्रोतको अन्वेषण र विकासका लागि योजना बनाइ सम्बन्धित निकायसंग सहकार्य गर्न पहल गर्ने ।<br>• उर्जा वचत र खपतमा ग्यासभन्दा स्थास्थ्यका लागि इन्डक्सन बढी किफायती र स्वस्थकर भएकोले यस बारेमा सहकारी शिक्षाको विषयमा समावेश गर्ने ।<br>• खर्चले धान्न सकिने, भरपर्दो र दीगो उर्जामा सदस्यको पहुँच सुनिश्चित गराउने । |
| ८ | **मर्यादित रोजगार तथा आर्थिक वृद्धि**<br>यस लक्ष्य अन्तर्गत दीगो, समावेशी आर्थिक बृद्धि हासिल गर्ने उत्पादक रोजगारीका अवसरहरु प्रदान गर्ने र मर्यादित कामको सुनिश्चितता गर्ने, उत्पादक रोजगारीका लागि न्यायोचित ज्याला दिने , समाजलाई प्रतिकुल असर नपर्ने र आत्मसम्मानका साथ स्थानीय तहमा पाइने उत्पादन र संस्कृतिलाई रोजगारीको माध्यम बनाउने, आफूसंग भएको सीपलाई व्यवसायमा रुपान्तरण गर्ने, स्वरोजगारीका लागि श्रम र कामप्रति सकारात्मक सोच सम्बन्धमा तालिम तथा गोष्ठी सञ्चालन गर्ने । | • सदस्यहरुलाई व्यवसायी र स्वरोजगार बनाउने उद्देश्यले मर्यादित काम र कामको सुरक्षित वातावरण बनाउने योजना बनाइ कार्यान्वयन गर्न पहल गर्ने ।<br>• सदस्यहरुको व्यक्तिगत वचतलाई लघु उद्यम सुरु गर्न प्रोत्साहित गर्ने योजना बनाइ कार्यान्वयन गर्न लगाउने ।<br>• सहकारीमा महिला पुरुषलगायत सबैलाई समान जयाला, सुर्व सुलभ तथा सुरक्षित साथ काम गर्ने वातावरणको प्रत्याभुत गराउने । |
| ९ | **उद्योग पुर्वाधार र नवीन सिर्जना**<br>यस लक्ष्यअनुसार भरपर्दो र टिकाउ पुर्वाधारको विकास, समावेशी औद्योगीकरण र अन्वेषणको प्रवर्धन गर्ने विषयहरु समेटिएका छन् । यो लक्ष्य प्राप्तिका लागि साना तथा मझौला उद्योगहरुको विकास गर्न लघुकर्जा प्रदान गरि सहयोग गर्ने, अन्य वित्तीय संघ संस्थाहरुले समेट्न नसकेको क्षेत्र पहिचान गरी त्यस्ता उद्योगलाई सहकारीमार्फत परिचारलन गरि दीगो विकासमा सहयोग पुर्‍याउने । | • सदस्यहरुलाई साना व्यवसायको विकासका लागि ऋण र प्राविधिक सहयोग गर्ने, व्यवसायमा आधुनिक प्रविधि जोड्न सिकाउने ।<br>• सबै सदस्यहरुलाई इन्टरनेट र नयाँ प्रविधिमा पहुँच पुर्‍याउन सोही प्रकारको तालिम योजना बनाइ कार्यान्वयन गर्ने ।<br>• उद्यमशिलताको विकास र समावेशी नवीन खोजहरु प्रवर्द्धन कार्यका लागि पुर्वाधार र वित्तिय सेवाहरु प्रदान गर्ने । |
| १० | **न्यून असमानता**<br>यस लक्ष्यले राष्ट्रहरुबीच, मुलुकभित्र र परिवारबीच असमानता घटाउने, यसका लागि आय श्रृंखलामा सबैभन्दा तल्लो आयस्तर हुने जनताको आयबृद्धि मुलुकको औसत प्रतिव्यक्ति आयबृद्धिभन्दा उच्च रहनुपर्ने, सहकारीका सदस्यहरुको सबै उमेर, लिंग, जाति, समुदाय र न्यून आर्थिकस्तरका व्यक्तिहरुमा समान अवसर र आर्थिक बृद्धिको लाभमा सहभागिता जनाउनु पर्ने । | • असमानता न्युनीकरण गर्न र सामाजिक परिवर्तन गर्न सदस्यहरुका लागि आर्थिक बृद्धिमा पहुँच पुर्‍याउने खालका सेवा प्रदान गर्ने योजना बनाइ कार्यान्वयन गर्न लगाउने ।<br>• सदस्यमा समान अवसर सुनिश्चित गर्ने र उनीहरुलाई प्रभावित गर्ने असमानताहरुलाई न्यून गर्ने । |
| ११ | **दीगो शहर र समुदायहरु**<br>यस अन्तर्गत शहर र वस्तीहरु समावेशि सुरक्षित र दीगो वनाउने , सवैलाइ आवास र आधारभुत सुविधाहरु प्रदान गर्ने, सबैका लागि सुलभ सुरक्षित एवं आयले धान्न सक्ने यातायात सेवाको व्यवस्था गर्ने शहरिकरण लाई व्यवस्थित गर्ने र शहरी वातावरण स्वच्छ राख्ने जस्ता विषय समेटिएका छन । सहकारीले आफ्ना सदस्य हरुलाइ भवन आवास कर्जा दिँदा सम्बन्धित निकायको मापदण्ड हेरर मात्र लगानी गर्ने । | • सम्पूर्ण सदस्यहरुले क्षमताअनुसारको गुणस्तरीय र सुरक्षित आवासमा बसोबास गर्न सकुन् भन्ने बारे शहर सुधारका लागि सम्बन्धित निकाय र सदस्यहरुबीच छलफलमा सहभागी गराउने योजना बनाउने ।<br>• अभियानबाट आवास सहकारी स्थापनाका लागि सहजीकरण गर्ने ।<br>• सुरक्षित, समावेशी र सर्वसुलभ यातायाता तथा सर्वाजनिक स्थलहमा पहुँच सूनिश्चित गराउन भूमिका खेल्ने । |

| | | |
|---|---|---|
| १२ | **उत्तरदायी उपभोग र उत्पादन**<br>सम्पूर्ण उपभोग र उत्पादन प्रणालीलाई दीगो बनाउने आकांक्षा राखेको छ । खाद्यान्न नोक्सानी घटाउने, रासायनिक वस्तुहरुको उपभोग घटाउने, एकपटक प्रयोग भएका वस्तुहरु सम्भव भएसम्म रिसाइकल गर्ने, कृषि उद्योग व्यवसाय, श्रोत संरक्षण आदिमा नयाँ पद्धतिको प्रयोग गर्ने, बाली उठाउँदा, खाना पकाउँदा र प्रयोग गर्दा हुने खाद्य नोक्सानीका बारेमा ध्यान दिने, वातावरणमैत्री र समाजप्रति जिम्मेवार बन्ने पनि हो । | • सदस्यहरुलाई दैनिक फोहर उत्पादन घटाउने, पुनर्प्रयोग गर्ने र पुनःप्रशोधन गर्ने , दैनिक फालिने खाना परिमाण घटाउने, प्रांगारिक, विषादीरहित र हानिकारक रसायन आदिको बारेमा जानकारी दिने खालको योजना बनाएर कार्यान्वयन गर्न लगाउने ।<br>• उपभोग र उत्पादनसम्बन्धी मान्यता र मापदण्डहरु सदस्हरुको संलग्नतामा विकास गरी कार्यन्वयन गराई जीवनपद्धतिमा परिवर्तन ल्याउने । |
| १३ | **जलवायु परिवर्तनमा तत्काल पहल**<br>यो लक्ष्य जलवायू परिवर्तनलाई न्युनीकरण गर्ने र अनुकुल क्षमता वढाउने विषयमा छ । यसले विश्वमा वढ्दो तापक्रमले पार्ने प्रकोप , विनासहरु र जैविक विविधतालाइ कम गर्न विभिन्न कार्यक्रम मार्फत सचेतना फैलाउने काम गर्न सकिन्छ। सहकारीले वातावरणलाई असर पार्ने कार्य नगरे पनि निजि क्षेत्र र राज्यले गरेकाले सहकारी मार्फत जैविक विधीको कृषि, नविकरणीय उर्जा, हरित वन खोला नाला सरसफाइ आदि जस्ता वातावरण मैत्रि कार्य गर्न सक्नेछ । | • सदस्यहरुलाई जलवायु परिवर्तन र प्राकृतिक प्रकोपसंग सम्बन्धित जोखिमबारे जानकारी गराउने योजना बनाएर समय समयमा छलफल गराउने ।<br>• जलवायु परिवर्तनको प्रभावलाई सामना गर्ने क्षमता अभिबृद्धि गराउने<br>• उत्थानशीलता र अनुकुलन क्षमता सुदृढ गराउन संयन्त्रको प्रवर्द्धनमा लविङ गर्ने । |
| १४ | **जलमुनिको जैविक विविधताको संरक्षण**<br>यो लक्ष्य समुद्री जीवन, समुद्री श्रोत र त्यसको व्यवस्थापनसंग सम्बन्धित छ। सहकारीमार्फत सचेतना फैलाउँदै पानीमुनि रहेका जीवजन्तुको संरक्षण गर्न जरुरी छ भन्ने बझाउन सकिन्छ। साथै हाम्रा वरिपरि भएको खोलानाला सरसफाइमा सहभागी भएर जीवजन्तुहरुको जीवन रक्षामा सहयोग पुर्‍याउन सकिन्छ। | |
| १५ | **जमिनमाथिको जैविक विविधताको संरक्षण**<br>यस लक्ष्यले विशेष गरि जंगल जमीन जैविक विविधताको संरक्षण जमीनको क्षयीकरणको नियन्त्रण ,वन विनास नियन्त्रण, वृक्षरोपणमा विस्तार वन्य जन्तु संरक्षण गर्नेछ । नेपालमा भएको वन उपभोक्ता समितीहरुको विस्तार गरि पर्यावरणलाइ व्यवस्थित पार्न सक्नेछन त्यसैगरि आ आफ्ना व्यवसाय संचालन गर्दा वन जमीन र वातावरण विनास हुनवाट रोक्न सकिन्छ। | • सहकारीका सदस्यलाई जैविक विविधता संरक्षणबारे सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न सकिन्छ।<br>• प्रत्येक सदस्यका घरमा वृक्षारोपणका लागि संस्थाबाट बोट विरुवा वितरण गर्ने जस्ता योजना बनाइ कार्यान्वयन गर्ने ।<br>• आफ्नो समुदायको सडक पेटीमा रुख विरुवा रोपी हरियाली बढाउने खालको योजना बनाइ सम्वन्धित निकायसंग समन्वय गर्ने । |
| १६ | **शान्ति, न्याय र शसक्त निकाय**<br>यो लक्ष्यमा शान्ती पुर्ण समाज र न्यायमा सवैको पंहुच , समावेशी संस्थाहरुको विकास मार्फत दीगो विकास गर्ने विषय समेटेको छ। सवै प्रकारका हिंसाको अन्त्य गर्ने ,मेलमिलाप वढाउने,अवैध हात हतियार , लागु पदार्थ र मानव ओसार पसार रोक्ने भ्रष्टाचार घुसखोरीको अन्त्य गर्ने , पारदर्शिता र जवावदेहिता सुनिश्चित गर्ने , सुचनाको हक स्थापीत गर्ने जस्ता विषयमा जोड दिएको छ। | • यस लक्ष्य अन्तर्गत रहेर सामाजिक न्याय नै सहकारीको व्यवसाय भएकोले शुसासनको पाटोमा थप कार्य गर्न सक्ने सहकारी क्षेत्रको भुमिका हुने भएकोले सोही अनुरुप योजना वनाइ कार्यान्वयन गर्ने । |
| १७ | **लक्ष्य प्राप्तिको लागि साझेदारी प्रयास**<br>यो लक्ष्य अन्तअन्तर्राष्ट्रीय साझेदारीका मान्यतावाट दीगो विकास लक्ष्य कार्यान्वयनका क्षमता वढाउने विषय संग सम्वन्धित छ । आन्तरिक साधन श्रोतको परिचालन वढाउने ,वैदेशिक सहायता , प्रतिवद्धता, लगानी प्रबर्द्धनको वातावरण वनाउने , नया प्रविधिको खोज, व्यापार सहजिकरण, आर्थिक नितीमा सुधार गर्ने, आदिको अनुगमन समेत यसले गर्दछ। सम्पुर्ण लक्ष प्राप्तीका लागि सहकारी संघ संस्थाले माथिल्लो निकाय संग र स्थानिय , प्रदेश सरकार संग समन्वय गरि कार्य गर्न सकिने देखिन्छ । सहकारी मार्फत सामाजिक न्याय, आर्थिक उन्नती, लैंगिक समानतामा जोड दिँदै १७ वटै लक्ष एक अर्कासंग जोडिने छ। | • सन २०३० सम्ममा सवै मुलुकले सवै लक्ष हासिल गर्नु पर्ने भएकोले अन्तअन्तर ाष्ट्रीय सहकारी महासंघका नेपालका सदस्य संस्था मार्फत सम्पुर्ण सहकारी संघ संस्थाका सदस्य , कर्मचारी र पदाधिकारी समेतले लक्ष प्राप्तीका लागि कसरी योगदान दिन सकिन्छ भनेर सिर्जनात्मक र अनुसन्धानात्मक रुपमा लाग्नु पर्ने देखिन्छ। त्यसका लागि आवश्यक निती योजना वनाइ केन्द्र, प्रदेश र स्थानिय सरकार साथै सम्वन्धित निकाय संग समन्वय गरि सोहि अनुरुप योजना वनाइ कार्यान्वयन गर्न प्रतिवद्ध रहने ।<br>• यो दीगो विकाश लक्ष समेटदै विभिन्न काम गरौं भन्ने अभियानले प्रत्येक सहकारी संस्थाले आफ्ना सदस्य र स्थानिय सरकारले त्यस समुदायमा वसोवास गरेका जनताको जिवनस्तर उकास्न के कस्तो काम गर्न सकिन्छ जंहा प्रत्येक नागरिकले आफ्नो र आफ्ना सन्तती, आफ्नो टोल गांउ र देशको भविश्यका लागि निश्चिन्त हुन सकुन्, भनि आत्मविश्वास जगाउनु पनि हो । |

# दीगो विकास लक्ष्यका चुनौतिहरु

समृद्ध समाज निर्माणका लागि अवसरका रुपमा आएको दीगो विकास लक्ष्य कार्यान्वयनका चुनौति पनि त्यतिकै छन् । दीगो विकासको यस्तो अभियानलाई कसरी कार्यान्वयन गर्ने र सफल बनाउने भन्ने विषयमा विभिन्न सवाल जवाफ र छलफलहरु पनि चल्ने गरिरहेकै छन् । यो अभियानमा निजी क्षेत्रलाई कसरी समेट्ने ? स्थानीय तहको भूमिका र जिम्मेवारी के हुने र कसरी सक्रिय बनाउने ? आर्थिक श्रोत कसरी जुटाउने ? प्रविधिसंग कसरी जोडिने ? कार्यान्वयन नभएको जिम्मेवारी कसले लिने जस्ता चुनौति पनि देखिएका छन् ।

विकासका लक्ष्यहरु त्यतिकै कार्यान्वयन हुँदैनन् । लक्ष्यमा पुग्नका लागि उपयुक्त रणनीति, कार्यक्रम, श्रोत परिचालन, संस्थागत व्यवस्था क्रियाकलाप सञ्चालन र प्रभावकारी अनुगमन पूर्वशर्त हुन् । यसका लागि सम्वन्धित सबैले दीगो विकास लक्ष्यलाई समयवद्ध रुपमा कार्यान्वयन गर्ने रणनीति बनाउनु पर्दछ ।

यो लक्ष्य पूरा गर्ने विश्वको प्रतिवद्धता हो, हाम्रो देशको पनि प्रतिवद्धता हो । जस्तोसुकै चुनौति आए पनि हाम्रो सन्दर्भमा आधारभूत रुपमा स्थानीय तहमै सब कार्यक्रम हुने भएकोले कार्यान्वयन गर्न स्थानीयकरण गर्नैपर्छ । संघले त नीति निर्माण गरेर काम गर्न जिम्मा लाउने हो । स्थानिय सरकारले यसका लागि कसरी निजी, सहकारी एवम सामुदायिक क्षेत्रलाई परिचालन गर्ने, क्षमता, श्रोत साधन, क्रियाशिलतालाई कसरी प्रोत्साहित गर्ने, यस क्षेत्रका लागि खटिने व्यक्तिहरुको विभिन्न तहमा कसरी क्षमताको विकाश गर्ने, साथै स्थानीय, प्रदेश र केन्द्रसंगको समन्वय सहकार्य गरेर कसरी आ आफ्नो भूमिका निभाउने साथै लक्ष्य कार्यान्वयन भए पनि लक्ष्यप्राप्तिको सूचकको मापन अनुगमन कसरी गर्ने, एकीकृत कार्यढाँचा कसरी बनाउने, रिर्पोट कसरी तयार पार्ने त्यो समेत अन्योल देखिएको छ ।

यो अन्योल हटाउन प्रत्येक क्षेत्रवाट यसको अध्ययन गरेर सम्बन्धित सरोकारवालासंगको सहकार्यमा प्रवुद्ध वर्ग, सहकारीकर्मी, विकास अभियन्ता र सामाजिक अगुवा समेत यो अभियानमा होमिनुपर्छ । अन्तर्राष्ट्रीय नारा ‘‘समृद्ध नेपाल, सुखी नेपाली’’ भन्ने नारालाई सफल बनाउने हो भने दीगो विकास लक्ष्य आफैंमा एक अवसर पनि हो । त्यसैले अवसर र चुनौतिको आँकलन गरिएन र आ आफ्नो क्षेत्रवाट यो कामलाई सफल बनाउन सकिएन भने चाहे जस्तो समाज र विश्व निर्माण गर्ने अवसर हामीले गुमाउनेछौं ।

### कार्यान्वयनको प्रवेश

दीगो विकास लक्ष्यका प्रायः सबै क्षेत्रहरुमा सहकारीले योगदान गर्न सक्ने अवस्था देखिए तापनि मूलतः निम्न १० वटा लक्ष्यहरुमा अझ बढी प्रत्यक्ष योगदान गर्न सक्ने देखिन्छः

| दीगो विकास लक्ष्य नं | दीगो विकास लक्ष्य शीर्षक |
|---|---|
| १ | गरिबीको अन्त्य |
| २ | भोकमरीको अन्त्य |
| ३ | सुस्वास्थ्य तथा समृद्ध जीवन |
| ४ | गुणस्तरीय शिक्षा |
| ५ | लैङ्गिक समानता |
| ८ | मर्यादित काम तथा आर्थिक वृद्धि |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार |
| १० | असमानता न्युनीकरण |
| १६ | शान्ति, न्याय र सशक्त संस्थाहरू |
| १७ | लक्ष्य प्राप्तीका लागि साझेदारी |

देशका ७५३ पालिकाहरुले आफ्नो क्षेत्र दीगो र सुव्यवस्थित बनाउन चाहे जस्तै दोलखा जिल्ला समेतको चाहना त्यही हुनसक्छ । दोलखामा कृषि उत्पादन र पर्यटनमा धेरै काम गर्न सकिन्छ, जसवाट स्वरोजगारको सिर्जना हुन्छ । सहकारीमा आवद्ध सदस्यहरुलाई वचत गर्ने परिपाटी सिकाए जस्तै अव वचत गरेको रकमलाई आफ्नै क्षेत्रमा कृषि उत्पादन तथा लघु उद्योगहरुको स्थापना गर्न सिकाउन जरुरी छ । त्यसका लागि संस्थाहरुले विशेष कार्ययोजना बनाएर दीगो विकास लक्ष्य र प्रत्येक व्यक्तिको भूमिकाका बारेमा जानकारी गराउँदै जानुपर्छ । सदस्यहरु सैद्धान्तिक रुपमा सहमत भएपछि स्थानीय तहसंगको सहकार्यमा विभिन्न परियोजना बनाएर कार्यान्वयन गर्न सकिन्छ । योजना तर्जुमा गर्न दोलखा जिल्लाको सम्भावना र अवसरको पहिचान गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तर्जुमा गर्ने, विषय विशेषज्ञवाट तालिम लिने, सम्भावित परियोजनामा सहकारी संस्था र व्यक्तिले सहकार्य गरी लगानी गर्ने, उत्पादन, प्रशोधनका लागि स साना उद्योग, बजारीकरण र उपभोक्ता पहिचानका लागि सहकारी संस्थाले जिम्मा लिनुपर्ने हुन्छ । यो क्षेत्रमा जाने वित्तिकै दीगो विकासका अन्य लक्ष्यहरु स्वतः जोडिएर आउँछन । यसले गरिवी निवारणमा साथ दिन्छ, रोजगारीको सिर्जना गर्दछ , लैंगिक समानतामा सहयोग गर्छ , नयाँ नयाँ आविष्कारहरु देखिन सक्छन, शिक्षा स्वास्थ्याका लागि सदस्यहरु सचेत हुन थाल्छन, ग्रामीण भेगमा विकासको लहर थपिन सक्छ । स्थानीय क्षेत्रका सम्भावनाहरु प्रचुर मात्रामा देखिन सक्छ । आर्थिक, सामाजिक क्रियाकलापहरुमा वृद्धि हुन सक्छ । सदस्यहरु प्रत्यक्ष सम्पर्कमा हुने भएकोले यो काम गर्न सहकारी संघ संस्थाको महत्वपूर्ण भूमिका हुन सक्छ ।

यस्ता कामले केही वर्षमै दोलखा जिल्ला नमुना जिल्ला बन्न सक्नेछ । त्यसवेला मात्र दीगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी भन्ने नाराले पूर्णता पाउनेछ । यसका लागि संस्थाले सर्वप्रथम दीर्घकालीन र वार्षिक कार्यक्रम बनाइ सो अनुसारको नियमित अनुगमन, मूल्यांकन र परिष्करणको विधि विकास गर्दै जानुपर्छ ।

**दीगो विकास लक्ष्य प्राप्तिका लागि अघि बढ्न सकिने केही तत्कालीन कार्ययोजनाहरु**

१. दीगो विकास लक्ष्यको लागि तीन सदस्य उपसमितिको व्यवस्था गर्ने ।
२. दीगो विकास लक्ष्यको कार्यढाँचा सहितको रणनीतिक योजना बनाउने ।
३. सञ्चालक, समिति उपसमिति सदस्य तथा कर्मचारीलाई दीगो विकास लक्ष्यको तालिम दिने ।
४. वार्षिक साधारण सभामा दीगो विकास लक्ष्य सम्बन्धि प्रतिवेदन दिने ।
५. कार्यलयमा दीगो विकास लक्ष्य सम्बन्धि सूचना तथा बोर्ड तयार गर्ने ।
६. दीगो विकास लक्ष्यको लागि विशेष अधिकारी तोक्ने ।
७. सहकारीहरुलाई २०३० को अभियानमा समावेश गर्ने ।

**निष्कर्ष**

दीगो विकास लक्ष्य अन्तर्राष्ट्रीय एवं अन्तर्राष्ट्रीय मार्गचित्र हो । यसले १५ वर्ष भित्रमा विश्वमा देखिएका भोक रोग, अशिक्षा, असमानता कुशासनबाट विश्वलाई मुक्त गरी परिवार, समुदाय, अन्तर्राष्ट्रीय तथा विश्व तहमा गर्ने सवै प्रकारका विकासमुलक कार्यलाई समेट्छ। त्यसैले परिमाणात्मक लक्ष्य पुरा गर्न सहकारी महत्वपूर्ण संयन्त्र बन्न सक्छ । यसले माथि व्याख्या गरे अनुसार गरिवी न्युनीकरण होस् वा कृषिको उत्पादकत्व विस्तारमार्फत भोकमरी नियन्त्रण गर्न, समावेशीताका लागि होस् वा उत्पादन र उपभोग प्रवृत्तिको सुधारमार्फत श्रोत साधनको प्रवर्द्धन गर्न सहकारी स्वयंको भूमिका महत्वपूर्ण हुन्छ। हाल ६० लाख सदस्यले दीगो समाजका लागि दीगो विकासका १७ वटै लक्ष्य र १६९ उपलक्ष्यहरुलाई समावेश गर्दै आवश्यक सोच, शैली, साधन कार्य सबै क्षेत्रमा उपलब्धि दिनसक्छ । दीगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित वनाउन नितिगत कानुनी तथा संस्थागत संरचना तयार गरिएका छन् । त्यसैले दीगो विकासबाट दीगो समाज निर्माण गर्ने प्रक्रियामा सहकारी अपरिहार्य बन्न सक्ने भएकोले देशको विशिष्ठ अवस्था र योजनाहरुलाई स्थानीयकरण तथा सहकारीकरण गर्दै अघि लैजाने पद्धति अवलम्बन गर्नु अहिलेको सान्दर्भिकता हो ।

# सहकारी बैंकको....

*पेज १ बाट क्रमशः*

दिनुभयो । कार्यक्रममा देशभरका ५ हजार भन्दाबढी सहकारीकर्मीहरुसंग सहकारी बैंकको विगत, वर्तमान अवस्था र आगामी योजनाका साथै सहकारी ऐन र अन्य ऐनहरुबीच देखिएका समस्याहरुका बारेमा छलफल भएको अध्यक्ष उप्रेतीले जानकारी दिनुभयो । सहकारीमैत्री कानुनी अवस्था, सहकारी मैत्री कानुन नहुदाका चुनौतीहरु र सहकारीमैत्री कानुन निर्माणमा अबको यात्रा लगायतका विषयमा गोष्ठीमा छलफल भएको थियो ।

नेपालको संविधानले ३ खम्बे अर्थतन्त्र स्वीकार गरे पनि धेरै कानुनहरुमा समय सापेक्ष सहकारीलाई सम्बोधन नभएका कारण समस्या भएकाले यस्ता कार्यक्रमहरुमार्फत सहकारीलाई सम्बोधन गर्ने वातावरण सिर्जना गर्न सहज हुने बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाईंले बताउनुभयो ।

सहकारी संघ/संस्थाहरुको उपस्थिती स्वीकार नगर्ने, कर व्यवस्थालाई सहकारीमैत्री बनाउन नसकिएको, सहकारीबाट उत्पादित वस्तुको ब्राण्ड स्थापित गर्न कानुनहरु संशोधन




हुनु पर्ने, कृषि आधुनिकीकरण तथा सहकारी व्यवसायमा सहकारीलाई स्थापित गर्न ऐनहरु संशोधन हुनु पर्ने अवस्था रहेको बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीले बताउनुभयो ।

देशभरका सहकारीकर्मीहरुले दिएका सुझावका आधारमा विद्यमान कानुनमा संशोधनका लागि बहस पैरवी गर्न राष्ट्रिय सहकारी महासंघ लगायत अन्य केन्द्रीय संघहरुसंग समन्वय गरेर अगाडि बढ्नका लागि कार्यक्रम सहयोगी भएको सहकारीकर्मीहरुले बताएका छन् ।

# सहकारी स्तरीकरण कार्यक्रम

बैंकले सदस्य संघ/संस्थाहरुको स्तर पहिचान, मापन एवं स्तरोन्नतीका लागि सहकारी स्तरीकरण Cooperative Standardization कार्यक्रम संचालनमा ल्याएको छ । सदस्य संस्थाको गुणस्तरीय सुनिश्चितता कायम गर्न बैंकले राष्ट्रिय स्तरमा ३ वटा (आधारभूत तह, CARE, SMART) कार्यक्रम संचालनमा ल्याएको हो । आवद्ध संघ/संस्थाहरुको चाहना एवं आवश्यकताका आधारमा बैंकले अन्तर्राष्ट्रिय स्तरको कार्यक्रम समेत संचालन गर्ने छ । सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत निम्न विवरणका कार्यक्रमहरू रहेका छन् :

**(क) आधारभूत तह**
**(ख) CARE**
**(ग) SMART**
**(घ) अन्तर्राष्ट्रिय तह**




### कार्यक्रमको उद्देश्यः

अन्य क्षेत्र सरह वित्तिय बजारमा पनि गुणस्तरले निकै ठूलो महत्व राख्दछ । पैसाको कारोवारमा पहिला सुरक्षा अनि मात्र मुनाफाको सिद्धान्तलाई अवलम्वन गरिदै आएको छ । जसका लागि सहकारी संस्थाहरुले संस्थाको बृद्धिदर सँग-सँगै गुणस्तरको बृद्धि दर पनि कायम गर्न सक्नु पर्दछ । राष्ट्रिय सहकारी बैंकले यस कार्यक्रम मार्फत नविनतम औजारहरू प्रयोग गर्दै सहकारी संघ/संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गरी सहकारीहरूको छवी उच्च बनाउने उद्धेश्य लिएको छ। यस कार्यक्रमका निम्नानुसारका उद्देश्यहरू रहेका छन् :

१. सहकारी संघ/संस्थाहरूको संचालनलाई व्यवस्थित गर्ने ।
२. सहकारी संघ/संस्थाहरूको गुणस्तरिय सुनिश्चितता कायम गर्ने ।
३. सहकारी संघ/संस्था एवं अभियानको छवि उच्च राख्न ।

माथिका उद्धेश्यहरू प्राप्तिका लागि सहकारी संस्था संचालनमा कुशल अभ्यास कायम हुनु अनिवार्य छ । जसका लागि सहकारी संस्थाहरू नीति र विधिहरू निर्माण गरी प्रविधि मैत्री रुपमा संचालन हुनु पर्दछ। यस कार्यक्रमअन्तर्गत राष्ट्रिय सहकारी बैंक लिमिटेडले सहकारी संघ/संस्थाहरुका लागि आवश्यकतामा आधारीत तालिम/शिक्षा एवं प्राविधिक सहयोग उपलव्ध गराई सहकारी क्षेत्रमा शुसासन कायम गर्नका लागि आवश्यक सहयोग गर्नेछ ।

### (क) आधारभूत तह

आधारभूत स्तरीकरण कार्यक्रमअन्तर्गत बैंकले बचत तथा ऋण सहकारी संस्था र बचत तथा ऋण बाहेकका सहकारी संस्थाहरुका लागि छुट्टा छुट्टै सूचांकहरू विकास गरेको छ । बैंकले विकास गरेको सफ्टवेयरमा संस्थागत विवरण भरे पश्चात संस्थाले आफ्नो स्तर पहिचान गर्नुका साथै स्तरोन्तीका लागि आवश्यक सुझावहरू प्राप्त गर्नेछन् । सदस्यहरुको मागको संवोधन स्वरुप बैंकले यस कार्यक्रमलाई निशुल्क संचालनमा ल्याएको छ ।

### (ख) CARE कार्यक्रम

आधारभूत स्तरीकरण कार्यक्रममा न्यूनतम अंक ६० वा NCBL Basic Standard C मा पर्न सफल संस्थाहरू यस तहको कार्यक्रममा आवद्धताका लागि योग्य हुनेछन् । यस कार्यक्रममा आवद्ध संस्थाहरुको स्तर मापन एवं स्तरोन्तीका लागि बैंकले स्थलगत एवं गैरस्थलगत अनुगमन मार्फत आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनेछ । बैंकले दिएका सुझाव कार्यान्वयन गर्दै संस्था अगाडि बढ्नेछन् । यस कार्यक्रममा वित्तिय क्षेत्र अन्तर्गत पर्ल्स अनुगमन पद्धती र गैर वित्तिय क्षेत्र अन्तर्गत सुशासन र संस्थागत दीगो विकासलाई आधार मानेर सूचांकहरू विकास गरिएको छ ।

### (ग) SMART कार्यक्रम

CARE कार्यक्रममा न्यूनतम ६० अंक वा NCBL CARE C मा पर्न सफल संस्थाहरू यस कार्यक्रमका आवद्धताका लागि योग्य हुनेछन् । यस कार्यक्रममा आवद्ध संस्थाहरुको स्तर मापन एवं स्तरोन्तीका लागि बैंकले स्थलगत एवं गैरस्थलगत अनुगमनमार्फत आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनेछ । बैंकले दिएका सुझाव कार्यान्वयन गर्दै संस्था अगाडि बढ्नेछन् । यस कार्यक्रममा वित्तिय क्षेत्र अन्तर्गत पर्ल्स अनुगमन पद्धती र गैर वित्तिय क्षेत्र अन्तर्गत सुशासन र संस्थागत दीगो विकासलाई आधार मानेर सूचांकहरू विकास गरिएको छ ।

### (घ) अन्तर्राष्ट्रिय तह

यस तहको स्तरीकरण कार्यक्रमको मुख्य उद्धेश्य नै सहकारी संस्थाको स्तर उन्नती गरी अन्तर्राष्ट्रिय तहसम्म पुऱ्याउनु हो। सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत उच्च तहको यस कार्यक्रममा अन्तर्राष्ट्रिय स्तरको मान्यता प्राप्त संघ/संस्थासँगको समन्वयमा कार्यक्रमको विकास गरी संचालनमा ल्याईनेछ ।

सहकारी स्तरीकरण कार्यक्रममार्फत सहकारी संस्था संचालनमा सुशासन एवं गुणस्तरीय सुनिश्चितता कायम गर्ने उद्धेश्य स्वरुप बैंकले लिएको "दीगो सहकारी" को परिकल्पनालाई आधार मानेर सहकारी स्तरीकरण कार्यक्रम विकास गरी संचालनमा ल्याएको छ ।

## उदाहरणीय तनहुँ जिल्ला दुग्ध उत्पादक संघ

# गोठदेखि ओठसम्म गुणस्तरीयता कायम गर्न सक्रिय

### संस्थाको संगठन संम्बन्धि विवरण

| | |
|---|---|
| संस्थाको नाम : | श्री जिल्ला दुग्ध उत्पादक सहकारी संघ लि |
| ठेगाना : | व्यास नगरपालिका वडा नं. २ पुरानो बैक |
| स्थापना मिति : | २०५३।७।१२ |
| दर्ता नं. : | ३।२।७३।०५३।०५४ |
| पाना नं. : | ३०३४३५७६३ |
| कार्यक्षेत्र : | जिल्लाभर |
| शेयर सदस्य संख्या : | १८ वटा दुग्ध उत्पादक सहकारी संस्था |
| शेयर पुजी : | ३६,५८,०००/- |
| सदस्य संख्या कृषक : | ११६२ |
| लाभान्वीत परिवार संख्या : | ६९७२ जना |
| दुध संकलन दैनिक संघबाट : | ४००० लि |
| आ.व.०७५।०७६ को बार्षिक दुग्ध कारोबार : | १६२२५०६ लि |
| आ.व.०७५।०७६ को बार्षिक दुग्ध कारोबार रकम : | रू ८,२८,८९,४६७।- |
| संचालक समित संख्या : | ९ जना |
| लेखा समिति संख्या : | ३ जना |
| कर्मचारी संख्या : | २० जना |
| अध्यक्ष : | यज्ञ प्रसाद शर्मा |
| व्यावस्थापक : | राजु भुजेल |
| संस्थाको किसिम : | कृषि उधोग (४००० लि क्षमताको दुग्ध उधोग) |
| संस्थाको प्रकृति : | दुग्ध सहकारी संस्थाहरूको संघ |
| स्थान : | व्यास नगर पालिका वडा नं. ११ रानीचोक, तनहुँ |

१० लिटर दुधबाट कारोबार शुरु गरेको तनहुँ जिल्ला दुग्ध उत्पादक सहकारी संघ आज त्यस क्षेत्रको उदाहरणीय जिल्लास्तरीय संघका रुपमा रहेको छ। अहिले ४ हजार लिटर क्षमताको डेरी उद्योग संचालनका क्रममा रहेको संघ २०५३ सालमा व्यास नगरपालिका वडा नं.२ मा कार्यालय रहने गरी स्थापना भएको हो। तनहुँ जिल्लाका बासिन्दाको कृषि पेशाहरुमध्येको प्रमुख पेशा हो दुग्ध व्यवसाय। गोठदेखि ओठसम्म गुणस्तरीयता कायम गरी दुग्धजन्य व्यवसायमार्फत सदस्य र उपभोक्ताको हितमा कार्य गर्नु यस संघको लक्ष्य रहेको छ।




| संघको उद्देश्यहरु |
|---|
| १.दुग्ध उधोग स्थापना गरी स्वच्छ सफा गुणस्तरीय दुध तथा दुग्ध पदार्थ बजारीकरण गर्ने। |
| २.दुग्ध व्यवसाय कृषकहरुबाट उत्पादन हुने दुधको उचित मूल्य दिई सुव्यवस्थित ढंगबाट बजार व्यवस्थापन गर्ने। |
| ३.व्यवसायिक पशुपालनमा कृषकहरुलाई आकर्षित गर्ने। |
| ४.दुध उत्पादक सहकारी संस्थाहरुको आर्थिक व्यवसायिक विकासमा जोड दिई संगठन विस्तार गर्ने। |
| ५. स्वच्छ गुणस्तरीय दुध तथा दुग्ध पदार्थ उत्पादन गरि बजार व्यवस्थापन गर्ने। |

**संघको उत्पादनहरु**

दुध, दही, घिउ, पनिर, आईसक्रिम, नौनी, क्रिम, छुर्पी, खुवा आदि।

| संघ आवद्ध भएका निकायहरु |
|---|
| • राष्ट्रिय सहकारी महासंघ लिमिटेड |
| • राष्ट्रिय सहकारी बैक लिमिटेड |
| • केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेड |
| • जिल्ला सहकारी संघ लिमिटेड तनहुँ |

यस संघ २०५३ कार्तिक १२ गते दुग्ध उत्पादक सहकारी संस्थाहरुको सक्रिय सहभागीतामा संघ शुरु हुँदा १ लाख ३७ हजार पुँजी थियो। हाल ३५ लाख ५८ हजार शेयर पुँजी रहेको संघका अध्यक्ष यज्ञप्रसाद शर्मा बताउँनुहुन्छ। दैनिक १० लिटर दुधबाट कारोबार शुरु गरेको यस संघले हाल दुधमात्र नभई दुधजन्य उत्पादनसमेत गर्दै आइरहेको छ। दुग्ध व्यवसायिक एवं दुध उत्पादन तथा संकलन कार्यमा सहकार्य गर्ने दुग्ध उत्पादक कृषक एवं सहकारी संस्थाहरुको हक हित र सेवा सुविधामा संघ सक्रिय छ।

दुग्ध व्यवसाय एवं फर्म तथा संस्थाहरुलाई हौसला प्रदान गर्न, दुधको गुणस्तरीयता कायम गर्न संघले विभिन्न संघ/संस्थासँग मिलेर कार्य गरिरहेको व्यवस्थापक राजु भुजेल बताउनुहुन्छ। राहत तथा अनुदान उपलब्ध गराउन समेत संघले नियमित लविङ गर्दै आइरहेको छ। दुधको गुणस्तरलाई एकनास गराउन नसक्दा दुग्ध व्यवसायलाई निरन्तरता नसकिने हो कि भन्ने त्यस क्षेत्रका किसानलाई

बाँकी पेज १९ मा

# कर्मचारीहरूको दक्षता अभिवृद्धि तालिम

ललितपुर

राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा बैंकमा कार्यरत कनिष्ठ सहायक स्तरका कर्मचारीहरूको दक्षता अभिवृद्धि तालिम सम्पन्न भएको छ । केन्द्रीय कार्यालय सहितका ४४ शाखा कार्यालयहरुका ७१ जना कनिष्ठ सहायक स्तरका कर्मचारीहरुको आवासिय तालिम तीन चरणमा सम्पन्न भएको हो । पाल्पा स्थित होटल श्रीनगरमा साउन २२ गते देखि २४ गते सम्म, गोकर्ण रिसोर्ट सुन्दरहरैचा मोरंगमा साउन २७ देखि २९ गते सम्म र धुलिखेल स्थित रिसोर्ट धुलिखेलमा भदौ १ देखि ३ गते सम्म गरी तीन समूहमा तालिम सम्पन्न भएको हो ।

तालिममा कर्मचारीहरुलाई बैंकको कर्जा लगानी तथा असुली प्रक्रिया, लेखा तथा प्रशासन, कार्य अनुभव आदान प्रदान लगायतका विषयहरुमा प्रशिक्षण दिइएको थियो । कर्मचारीहरुले तालिममा सिकेका विषयहरुलाई व्यबहारमा ल्याउने प्रतिबद्धता समेत ब्यक्त गरेका थिए ।

पाल्पा स्थित होटल श्रीनगरमा सम्पन्न भएको तालिमलाइ बैंकका तालिम विभागका कर्मचारी नारायण बेल्वासे, बैंकको बुटवल शाखा कार्यालयका प्रमुख नरेश पाण्डे



र वालिङ्ग शाखा कार्यालयका प्रमुख सुवास आचार्यले सहजीकरण गर्नुभएको थियो । गोकर्ण रिसोर्ट सुन्दरहरैचा मोरंगमा सम्पन्न तालिमलाई मिना कुमारी शर्मा, सूर्य रिमाल र बैंकको बिराटनगर शाखा प्रमुख प्रभु पोखरेलले सहजिकरण गर्नुभएको थियो । रिसोर्ट धुलिखेलमा सम्पन्न भएको तालिमलाई बैंकको तालिम विभागका बरिष्ठ अधिकृत मीना कुमारी शर्मा, अधिकृत हिरा सुनार, शाखा कार्यालय लगनखेलका शाखा प्रमुख रमा घिमिरे र शाखा कार्यालय गोंगबूका शाखा प्रमुख बिनोद भट्टराईले सहजीकरण गर्नुभएको थियो ।


# हार्दिक बधाई तथा शुभकामना

चौथो संविधान दिवसको अवसरमा **सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यू**बाट भूमि व्यवस्था, सहकारी तथा गरीवी निवारण मंत्रालयका **सह-सचिव चन्द्रकला पौडेल** ज्यूलाई सुप्रवल जनसेवा श्री (तृतीय श्रेणी) सम्मानवाट विभूषित गर्ने घोषणा भएकोमा हार्दिक बधाई तथा शुभकामना ब्यक्त गर्दछौं ।

**के.वी. उप्रेती**

अध्यक्ष तथा

**राष्ट्रिय सहकारी बैंक लिमिटेड परिवार**

# विराटनगरमा कर सम्बन्धी अन्तरक्रिया

मोरंङ

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय विराटनगरको आयोजनामा सहकारीमा विद्यमान कर प्रणाली विषयक एक दिने अन्तरक्रिया कार्यक्रम भदौ ११ गते सम्पन्न भएको छ । कार्यक्रम जिल्ला सहकारी संघ लिमिटेड मोरङका अध्यक्ष डिल्ली पोखरेलको अध्यक्षतामा भएको थियो ।

कार्यक्रमलाई सीए शेषमणी दाहालले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा सहभागीहरुलाई कर गणना विधि, सहकारीमा लगाइने कर एवम् कर सम्वन्धी उठेका जिज्ञासाहरुको समाधान गरिएको थियो । त्यस क्षेत्रका ६० वटा सहकारीका प्रतिनिधिहरुको उपस्थिती थियो । विराटनगर शाखा समन्वय उप-समितिका संयोजक एवम् बैंकका संचालक अमृता सुव्वाले उक्त कार्यक्रमवाट सहकारीमा कर विषयमा भएका अन्योलता बुझ्न सहज भएको बताउनुभयो । बैंकका निबर्तमान अध्यक्ष रमेश प्रसाद पोखरेलले कार्यक्रमको औचित्यता प्रष्ट पार्नु भएको थियो । विराटनगर स्थित होटल स्वागतममा सम्पन्न उक्त कार्यक्रमको संचालन बैंकको विराटनगर शाखाका प्रमुख प्रभु पोखरेलले गर्नुभएको थियो ।

# राजविराजमा सन्दर्भ ब्याजदर सम्बन्धी अन्तरक्रिया

सप्तरी

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय राजविराजको आयोजनामा सहकारी बैंक र सदस्य संघ/संस्थाहरूवीच सहकारीको सन्दर्भ ब्याजदर विषयमा एक दिने अन्तरक्रिया कार्यक्रम भदौ १२ गते सम्पन्न भएको छ। सो अन्तक्रिया कार्यक्रम बैंकका अध्यक्ष के.वी. उप्रेतीले उद्घाटन गर्नुभएको थियो । बैंकको राजविराज शाखा समन्वय उपसमितिका संयोजक गणेशकुमार आसको अध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा बैंकका संचालकद्वय बिश्वनाथ मण्डल र ध्रुवनारायण यादबको समेत उपस्थिति थियो ।

सप्तरीका विभिन्न ४० वटा सहकारी संघ/संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा बैंकको राजविराज शाखा कार्यालयको बैठक कक्षमा सम्पन्न भएको अन्तरक्रिया कार्यक्रमको सञ्चालन बैंकको राजविराज शाखा प्रमुख विष्णु प्रसाद पराजुलीले गर्नुभएको थियो ।

# इलाममा लेखापरीक्षण र कर सम्बन्धी अन्तरक्रिया

इलाम

राष्ट्रिय सहकारी बैंक लिमिटेडको शाखा कार्यालय इलामको आयोजनामा सहकारीमा लेखापरीक्षण र कर सम्बन्धी अन्तरक्रिया कार्यक्रम भदौ १७ गते सम्पन्न भएको छ । नारी बिकास संघ इलामको सभाहलमा सम्पन्न भएको अन्तरक्रिया कार्यक्रममा इलाम क्षेत्रका ५२ सहकारी संघ/संस्थाहरुका सहकारीकर्मीहरुको उपस्थिति थियो ।

कार्यक्रममा सहकारीमा कर सम्बन्धमा करदाता सेवा कार्यालय, इलामका कर प्रमुख प्रकाश राई, सहकारीमा लेखापरीक्षण सम्बन्धमा नगर सहकारी निरिक्षक देवेन्द्र दास राई र सहकारी नियमावलीका बारेमा बचत तथा ऋण सहकारी संघका अध्यक्ष लिला प्रसाद थापा क्षेत्रीले सहजीकरण गर्नु भएको थियो । कार्यक्रमको संचालन बैंकको इलाम शाखा प्रमुख अर्जुन कार्कीले गर्नुभएको थियो ।

# कैलालीमा सहकारीका ऐन, नियमावली विषयक अन्तरक्रिया

कैलाली

राष्ट्रिय सहकारी बैंक लिमिटेड धनगढ़ी शाखाको आयोजनामा सहकारीमा बिद्यमान ऐन/नियमावली एबं कर विषयक एक दिने अन्तरक्रिया कार्यक्रम भदौ १९ गते सम्पन्न भएको छ । बैंकका संचालक शिवा थापाको अध्यक्षतामा भएको कार्यक्रमका उद्घाटन सुदूरपश्चिम प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री बिनिता चौधरीले गर्नुभएको थियो ।

सुदूरपश्चिम प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री चौधरीले सहकारीहरुको विकासमा आफ्नो मन्त्रालयले गरेका कार्य सम्बन्धमा जानकारी गराउनुभयो । उहाँले सहकारी बैंकले सहकारी संघ/संस्थाको आवश्यकता अनुसारका कार्य गरीरहेको भन्दै प्रसंशा समेत गर्नुभयो । सुदूरपश्चिम प्रदेशका प्रदेश सभा सदस्य तारा लामा तामांङ, नेफस्कुनका संचालक माधव प्रसाद जोशी र केन्द्रीय बहुउद्देश्यीय सहकारी संघका संचालक सुरेन्द्र कुमार शाह सहित कैलाली र कञ्चनपुरका विभिन्न विषयगत सहकारी संघका प्रतिनिधिहरुको उक्त कार्यक्रममा सम्बोधन गर्नुभएको थियो ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रिकुमार गुरागाईले बैंकका सेवा, सहकारी ऐन/नियमावली तथा सहकारी क्षेत्रमा रहेको विधमान कर प्रणाली सम्बन्धमा प्रस्तुतिकरण गर्नुभएको थियो । विभिन्न सहकारी संघ/संस्थावाट ८५ जना प्रतिनिधिहरुको सहभागितामा धनगढ़ी स्थित आफ्नो घर टेम्पल रिसोर्टमा सम्पन्न भएको कार्यक्रमलाई बैंकका धनगढ़ी शाखा प्रमुख कृष्ण रावलले सञ्चालन गर्नुभएको थियो ।

# ठिमीमा सहकारी बैंक र सदस्य संघ संस्थाहरुबीच अन्तरक्रिया

भक्तपुर

राष्ट्रिय सहकारी बैंक लिमिटेड ठीमी शाखा कार्यालय र चांगुनारायण नगरपालिकाको समन्वय तथा नगर स्तरीय सहकारी संजाल चांगुनारायणको आयोजनामा एक दिने सहकारी बैंक र सहकारी संघ/संस्थाहरु विच अन्तरक्रिया तथा तालिम कार्यक्रम भदौ २० गते सम्पन्न भएको छ । कार्यक्रम चांगुनारायण नगरपालिका स्तरीय सहकारी संजालका संयोजक उमेश प्रधानको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रमको उद्घाटन चांगुनारायण नगरपालिका प्रमुख सोम प्रसाद मिश्रले गर्नुभएको थियो । बैंकका अध्यक्ष के.वी.उप्रेती सहित संचालकद्वय सरिता भट्टराई र केदार मानन्धरको समेत उपस्थिति थियो । चांगुनारायण नगरपालिकाका कार्यकारी प्रमुख चिरन्जीवी तिमल्सिना, बैंकका विभागीय प्रमुखहरु भरत कुमार चिमोरिया, नबीन कुमार कार्की र मधु रायमाझी सहित बैंकको ठीमी शाखा समन्वय उपसमितिका पधाधिकारीहरु र बैंकको ठीमी शाखा कार्यालयका प्रमुख दिनेश गेलालको समेत उपस्थिति थियो ।

कार्यक्रमको अबसरमा बैंकका सेवा तथा कार्य सम्बन्धमा बैंकका संचालक सरिता भट्टराईले प्रस्तुतिकरण गर्नुभएको थियो। बैंकका सूचना प्रविधि संचार तथा प्रकाशन विभागीय प्रमुख नबीन कुमार कार्कीले सहकारीमा समूह निर्माण तथा उत्प्रेरणा सम्बन्धमा सहजीकरण गर्नुभएको थियो ।

चांगुनारायण नगरपालिका क्षेत्रमा रहेका विभिन्न सहकारी संघ/संस्थाहरुका प्रतिनिधिहरुको सहभागितामा संम्पन्न कार्यक्रम स्टार बैक्यूट कमलविनायकमा सम्पन्न भएको कार्यक्रमलाई चांगुनारायण नगरपालिका स्तरीय सहकारी संजालका सचिव प्रह्लाद बास्कोटाले सञ्चालन गर्नुभएको थियो ।

# सहकारी क्षेत्रको योगदानको छुट्टै अभिलेख राख्न माग

पोखरा,

राष्ट्रिय सहकारी बैंक लिमिटेड पोखरा शाखाको आयोजनामा भदौ १० गते सहकारीमा कर विषयक एक दिने अन्तरक्रियामा सहभागीहरुले सहकारी क्षेत्रको योदानको छुट्टै अभिलेख राख्न माग गरेको छन् । सो कार्यक्रममा सहभागी सहकारीकर्मीहरुले सहकारीले राजश्वमा गरेको योगदानको डाटा नभएको भन्दै यसको छुट्टै डाटा राख्न माग गरेका हुन् ।

मुलुकको आर्थिक विकासमा सहकारी क्षेत्रको ठूलो योगदान रहँदै आएको छ । राजस्व दाखिला गर्ने प्रक्रिया सहज र सरल हुनु पर्नेमा समेत उनीहरको जोड थियो । कर शिक्षालाई प्रभावकारी रुपमा अगाडि बढाउनु पर्ने विषयमा सहकारीकर्मीले माग गरेका थिए ।

अन्तरक्रिया कार्यक्रममा आन्तरिक राजश्व कार्यालय पोखराका प्रमुख केशव उप्रेतीले सहकारीहरुले पछिल्लो समय राजस्व संकलनमा महत्वपूर्ण योगदान रहेको स्विकार्नु भयो । केही सहकारीले गरेका गलत क्रियाकलापका कारण समग्र सहकारी क्षेत्र नै खराब हो कि भन्ने भ्रम फैलाउने काम भएको उहाँको बुझाई थियो । उहाँले सहकारी माथि लाग्दै आएको आरोपलाई गलत सावित गर्नका लागि सबै सहकारीहरुलाई नियमसंगत रुपमा सञ्चालन गर्ने विषयमा सरोकारवालाहरुले ध्यान दिनु पर्नेमा जोड दिनु भयो ।

उहाँले अस्वभाविक हिसाव राख्नेलाई राजस्व कार्यालयले निगरानीमा राखेको समेत बताउनु भयो । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीले सहकारीहरुलाई प्रभावकारी बनाउनका लागि स्तरीकरण तथा सुशासन कायम राख्ने विषयमा केन्द्रीत हुनु पर्नेमा जोड दिनु थियो ।

नेफस्कून सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक भीम गुरुङले सहकारी क्षेत्रमार्फत मुलुकको समृद्धिका लागि थप योगदान गर्नका लागि प्रभावकारी सञ्चालन गर्नु पर्नेमा जोड दिनुभयो । राजस्वका विषयमा प्रष्ट भएर काम गर्नका राजस्व कार्यालय र सहकारीहरुबीच समन्वय आवश्यक रहेको उहाँको भनाई थियो ।

राष्ट्रिय सहकारी बैंक पोखरा शाखा समन्वय उपसमितिका संयोजक मेजर तुलसीप्रसाद गुरुङको अध्यक्षता, उपसमितिका सल्लाहकार तथा जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष रविरमण तिवारीको स्वागत र शाखा प्रमुख सन्तोष घिमिरेको सञ्चालनमा सम्पन्न कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघ कास्कीका अध्यक्ष सुदिप ढकाल, शाखा समन्वय उपसमितिका सदस्य पवित्रा केसी लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

## कलंकीमा सहकारीमा कर विषयक गोष्ठी

काठमाडौं

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय कलंकी तथा आन्तरिक राजस्व कार्यालय कालिमाटीको संयुक्त आयोजनामा भदौ ३ गते सहकारीमा कर विषयक एक दिने गोष्ठी सम्पन्न भएको छ, आन्तरिक राजस्व कार्यालय कालिमाटीको सभाहलमा सम्पन्न भएको गोष्ठीमा कलंकी क्षेत्रका ५१ सहकारी संघ/संस्थाहरुबाट ५७ जना सहकारीकर्मीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सहकारीमा कर सम्बन्धमा आन्तरिक राजस्व कार्यालय कालिमाटीका कर प्रमुख लव थापाले सहजीकरण गर्नुभएको थियो, कार्यक्रमको सञ्चालन बैंकको कलंकी शाखा प्रमुख सबीना बस्नेतले गर्नुभएको थियो ।

# हार्दिक बधाई तथा शुभकामना

चौथो संविधान दिवसको अवसरमा सम्माननीय राष्ट्रपति विद्यादेवी ज्यूवाट राष्ट्रिय सहकारी बैंक लिमिटेडका निवर्तमान अध्यक्ष तथा राष्ट्रिय सहकारी महासंघका सञ्चालक **श्री रमेश प्रसाद पोखरेल** ज्यूलाई प्रवल जनसेवा श्री (चतुर्थश्रेणी) सम्मानवाट विभूषित गर्ने घोषणा भएकोमा हार्दिक बधाई तथा शुभकामना ब्यक्त गर्दछौं ।

**के.वी. उप्रेती**

अध्यक्ष तथा

**राष्ट्रिय सहकारी बैंक लिमिटेड परिवार**

# गोरखामा अन्तरक्रिया कार्यक्रम

गोरखा

राष्ट्रिय सहकारी बैक लिमिटेड, दमौली शाखाको आयोजनामा तनहु र गोरखा जिल्लाका ६४ वटा सहकारी सस्थाका ८४ जनाको उपस्थितिमा भदौ २ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। बैकका सञ्चालक रामबहादुर जिसीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा जिल्ला सहकारी सघं गोरखाका अध्यक्ष वाबु राम कोइरालाले स्वागत मन्तब्य राख्नु भएको थियो । प्रतिनिधि सभाका सभासद हरिराज अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा गोरखा न.पा का उप- प्रमुख मिना श्रेष्ठ लगायतले मन्तब्य दिनु भएको थियो। उक्त कार्यक्रम हिमचुली साकोस नयाँ वजार गोरखामा सञ्चालन भएको थियो। उक्त कार्यक्रममा गोरखा जिल्लामा सहकारीहरुलाई सेवा दिन बैकको शाखा आवश्यक भएको समेत माग भएको थियो । कार्यक्रममा बैकको वारेमा जानकारी बैकका तालिम विभागका प्रमुख रामबाबु आर्चायले दिनु भएको थियो। कार्यक्रमको सञ्चालन दमौली शाखाका शाखा प्रमुख उपेन्द्र दाहालले गर्नु भएको थियो ।

# लमजुङका दुई मुख्य बजारमा सहकारी बैंकको अन्तरक्रिया

लमजुङ

राष्ट्रिय सहकारी बैंकले बेसीशहरमा सहकारी संघ/सस्थासंग अन्तरक्रिया तथा सरोकावाला निकायलाई बैंकका बारेमा जानकारी गराएको छ । बैंकमा सहकारीको आवद्धता र बैंकले खेल्ने भूमिकाका बारेमा जानकारी गराउने उदेश्यले ०७६ भदौ ३ गते अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा बोल्दै बेसीशहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्यालले सहकारी लगायतका वित्तिय संस्थाहरु नीति, विधि र प्रविधिका आधारमा संचालन हुनुपर्ने बताउनु भयो। लार्पावाही र भष्ट्रचार गर्ने र सदस्यलाई ठग्ने सहकारीलाई कारवाही गर्ने बताउदै प्रमुख अर्यालले सहकारीहरु नीति भन्दा बाहिर जान नहुने बताउनु भयो ।

बैंकका अध्यक्ष के.वी. उप्रेतीले सहकारीसंग भएको श्रम सीप र पूँजि परिचालनका साथै सरकारका तर्फबाट सहकारीको दीगोपनाका लागि वित्तीय, प्रविधि र कानुनी रुपमा सहयोग हुन सके सहकारी मार्फत धेरै काम गर्न सकिने वताउनु भयो ।

अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका संचालक रामबहादुर जिसीले बैंकको विगत, वर्तमान र भविष्यमा गर्ने कामका बारेमा जानकारी गराउँदै बैंकको ११ हजार १ सय २५ शेयर सदस्य रहेको, १ अर्ब ५८ करोड शयर रकम, २८ अर्व बचत, १९ अर्ब ५० करोड कर्जा र ६८ करोड १४ लाख मूनाफा गर्न सफल भएको बताउनु भयो ।

प्राविधिक सेवा तर्फ बैकले गतवर्ष ४ सय ४५ वटा तालिम प्रदान गरेको, ५ सय ८८ जनालाई बैदेशिक तालिममा पठाएको, १३ हजार ९ सय ८१ जना सहकारीकर्मीलाई प्रशिक्षित गरिएको, ३ सय १० वटा सहकारीलाई बिप्रेषण सेवाको एजेन्ट प्रदान गरिएको, ४ सय ६७ सहकारी सदस्यहरुले एस.एम.एस. बैकिंग सेवा प्रदान गरिएको र ६ सय ८४ सहकारी सदस्यहरुले इन्टरनेट बैकिङ्ग सेवा गरेको संचालक जिसीले जानकारी गराउनु भयो। कार्यक्रममा सहकारी विभागका पूर्व रजिष्ट्रार सुर्दशन प्रसाद ढकालले सहकारीलाई कसरी सुशासन कायम गर्न सकिन्छ भन्ने विषयमा सहजिकरण गर्नु भएको थियो ।

बैंकमा अध्यक्ष के.वी. उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला बचत संघका अध्यक्ष दुर्गाभक्त धमला, कफि उत्पादक संघ लमजुङका अध्यक्ष विश्व अधिकारी, नेपाल पत्रकार महासंघ लमजुङका पूर्व अध्यक्ष कृष्ण के.सी., बैकका तालिम विभाग प्रमुख राम बाबु आचार्य लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रममा बेसीशहर क्षेत्र भित्रका सहकारीका अध्यक्ष, संचालक, प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

२०६० असार २५ गते स्थापना भई २०६१ साल साउन १९ गतेबाट कारोवार गरेको राष्ट्रिय सहकारी बैंकको हालसम्म ४४ वटा शाखा रहेको छ। बैंकले यस्तै कार्यक्रम मंगलबार सुन्दरबजारमा पनि सम्पन्न गरेको संचालक रामबहादुर जिसीले जानकारी दिनुभयो ।

यसैबीच लमजुङको व्यावसायिक केन्द्र सुन्दरबजारमा राष्ट्रिय सहकारी बैंकद्वारा सरोकारवालाका बीच अन्तरक्रिया कार्यक्रम ०७६ भदौ ३ गते सम्पन्न भएको छ । सुन्दरबजार आसपासको क्षेत्रमा सञ्चालित सहकारीहरू तथा सरोकारवालाका बीचमा सहकारी बैंकले अन्तरक्रिया गरेको हो। बैंकका अध्यक्ष के.वी. उप्रेतीले सहकारी बैंकले सहकारीहरूमा सुशासन साथै विभिन्न किसिमका तालिम उपलब्ध गराई सहकारीहरुलाई प्रभावकारी रुपमा सञ्चालनका लागि समन्वयकारी भूमिका निर्वाह गर्दै आएको बताउनुभयो । उहाँले बैंकको शाखा सञ्चालनका लागि राष्ट्र बैंकको स्वीकृति चाहने जानकारी दिनु भयो ।

त्यस्तै, सहकारी विभागका पूर्व रजिष्ट्रार सुदर्शन ढकालले सहकारीहरूको एकीकरण बर्तमानको आवश्यकता भएको बताउँदै सुन्दरबजार क्षेत्रमा एउटा मात्र सहकारी भए पुग्ने तर उक्त सहकारीको सेवा केन्द्र खोली सदस्यलाई सेवा दिनु पर्ने धारण राख्नु भएको थियो। बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बैंकको संक्षिप्त परिचय तथा बैंकले प्रदान गर्ने सेवा सुविधा र सहकारीहरुबीचको समन्वयका बारेमा बैंकका शिक्षा तथा तालिम विभाग प्रमुख राम बाबु आचार्यले सहजीकरण गर्नु भएको थियो । अन्तरक्रियामा सिर्जनात्मक साकोसका अध्यक्ष एवम् नेफ्स्कुन लमजुङका सञ्चालक रामजी कंडेल, शान्ति साकोसका अध्यक्ष निलकण्ठ अधिकारी, जनज्योति साकोसका अध्यक्ष चन्द्रप्रकाश पौडेल, प्रबन्धक शुभनाथ चिलुवाल लगायतले जिज्ञासा राखेका एभरेष्ट साकोसका प्रबन्धक ज्ञानबहादुर नेपालीले जानकारी दिनु भयो ।

बैकका दमौली शाखा समन्वय उपसमितिका सल्लाहकार एवम् एभरेस्ट साकोसका अध्यक्ष रामबाबु श्रेष्ठको स्वगतमा सम्पन्न कार्यक्रमको सञ्चालन बैंक गोंगबु शाखा प्रबन्धक बिनोद भट्टराईले गर्नु भएको थियो । कार्यक्रममा लमजुङको सुन्दरबजार नगरपालिका र राइनास नगरपालिका तथा भानु नगरपालिका, तनहूँमा सञ्चालनमा रहेका ३५ वटा सहकारी संस्थाहरूका प्रतिनिधिहरू सहभागी थिए ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुर

## लेखा परिक्षण नभएको बित्तिय विवरण (अपरिष्कृत)

## चौंथो त्रैमास आ.व. २०७५/०७६ (मिति २०७६/०३/३१)

रकम रु. हजारमा

| क्र.सं. | विवरण | यस त्रैमासमा | गत त्रैमासमा | गतवर्षको यस त्रैमासमा |
|---|---|---|---|---|
| **१** | **कूल पूंजी तथा दायित्व (१.१ देखि १.७)** | **३०,८७२,५५०** | **२२,३६९,७९८** | **२२,०८७,६५९** |
| १.१ | शेयर पूंजी | १,५७८,०८० | १,४४३,६५२ | १,०४२,२२२ |
| १.२ | जगेडा तथा कोषहरु | ६७१,९३९ | ५९३,३१४ | ४२४,३०७ |
| १.३ | ऋणपत्र तथा वण्ड | – | – | |
| १.४ | तिर्न बाँकी कर्जा सापट | २६५,४१८ | २७३,४६९ | ३७५,३५१ |
| १.५ | **निक्षेप दायित्व** | **२७,९७८,१२५** | **१९,७७१,४८६** | **१९,९६२,९८९** |
| | क.स्वदेशी मूद्रा | २७,९७८,१२५ | १९,७७१,४८६ | १९,९६२,९८९ |
| | ख.बिदेशी मूद्रा | – | – | – |
| १.६ | आयकर दायित्व | १०,५३८ | | |
| १.७ | अन्य दायित्व | ३६८,४५० | २८७,८७७ | २८२,७९० |
| **२** | **कूल सम्पती (२.१ देखि २.७)** | **३०,८७२,५५०** | **२२,३६९,७९९** | **२२,०८७,६५९** |
| २.१ | नगद तथा बैंक मौज्दात | ९,४६१,५१३ | ३,८८०,३६७ | ६,७१३,४२१ |
| २.२ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | – | – | |
| २.३ | लगानी | २,०३०,११५ | १,९३०,११५ | २,५९०,११५ |
| २.४ | कर्जा सापट तथा बिल खरिद | १९,०२२,०११ | १६,११४,७४८ | १२,४४८,५२६ |
| २.५ | स्थिर सम्पती | १८१,२१२ | १९९,३३९ | १८०,८०१ |
| २.६ | गैर बैकिङ्ग सम्पती | – | – | – |
| २.७ | अन्य सम्पती | १७७,६९९ | २४५,२३० | १५४,७९६ |
| **३** | **नाफा नोक्सान हिसाब** | | | |
| ३.१ | ब्याज आम्दानी | २,४७९,७४९ | १,७२९,७८० | १,८८४,५३९ |
| ३.२ | ब्याज खर्च | १,५५७,४३७ | १,११३,६५६ | १,१८८,२०० |
| | **खुद ब्याज आम्दानी** | **९२२,३१२** | **६१६,१२४** | **६९६,३३९** |
| ३.३ | कमिशन तथा डिस्काउण्ट | २,३३२ | १,३६० | १,८९२ |
| ३.४ | अन्य सञ्चालन आम्दानी | १६४,८२९ | १०५,२२२ | १००,४८६ |
| ३.५ | सटही घटबढ नाफा/नोक्सान | – | – | – |
| | **कुल सञ्चालन आम्दानी** | **१,०८९,४७३** | **७२२,७०६** | **७९८,७१७** |
| ३.६ | कर्मचारी खर्च | १८९,००३ | ११९,०८५ | १३०,४८४ |
| ३.७ | अन्य संचालन खर्च | १३६,३२३ | ७७,५०७ | ८६,५५१ |
| | **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | **७६४,१४७** | **५२६,११४** | **५८१,६८३** |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरु | ४३३,२८८ | २५०,५८४ | ४९१,५९५ |
| | **सञ्चालन मुनाफा** | **३३०,८६०** | **२७५,५३०** | **९०,०८८** |
| ३.९ | गैर संचालन आम्दानी/खर्च | ६१ | ३३ | (४२७) |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ३५५,३३० | ९४,२०६ | ३१६,८९७ |
| | **नियमित कारोबारबाट भएको मुनाफा** | **६८६,२५०** | **३६९,७६९** | **४०६,५५८** |
| ३.११ | असामान्य कारोबारबाट भएको आम्दानी/खर्च | ३०१ | ८० | ४३० |
| | **सम्पुर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | **६८६,५५१** | **३६९,८४९** | **४०६,९८८** |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | ६२,४१४ | ३३,६२३ | ३६,९९९ |
| ३.१३ | आयकर व्यवस्था | १२४,८२७ | ६७,२४५ | ७३,९९८ |
| | **खुद नाफा/(नोक्सान)** | **४९९,३१०** | **२६८,९८१** | **२९५,९९१** |
| **४** | **अनूपातहरु** | | | |
| ४.१ | जोखिम भारित सम्पतीमा पूंजीको पर्याप्तता (प्रतिशत) | १०.७९ | ११.२९ | ११.१५ |
| ४.२ | निष्क्रिय कर्जा/कूल कर्जा (प्रतिशत) | १.३४ | १.९८ | २.७५ |
| ४.३ | कर्जा नोक्सानी व्यवस्था/निष्क्रिय कर्जा | १९७.७२ | १८०.८२ | १२३.४७ |
| ४.४ | पूंजिको औसत लागत | ८.२२ | ८.२७ | ८.४६ |
| ४.५ | कर्जा/निक्षेप अनुपात (प्रतिशत) | ६४.५३ | ७६.५२ | ६२.३६ |

**नोट : यदि नेपाल राष्ट्र बैंक तथा वाह्य लेखापरिक्षणले कारण सहित विवरण परिवर्तन गरेको खण्डमा विवरणहरु परिवर्तन हुन सक्नेछ ।**

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

**केन्द्रीय कार्यालयः कुपण्डोल, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop**

## गोठदेखि ओठ......

चिन्ता थियो । तर, २०५६ सालमा राष्ट्रिय दुग्ध विकास बोर्डको सहयोगमा डानिडा सर्पोट प्रोजेक्ट बाट १००० लिटर क्षमताको दुध चिस्यान भ्याट संघलाई उपलब्ध भएपछि त्यो समस्या समाधान भएको थियो । जसबाट उत्पादन भएको दुधलाई स्टोर गरि बजारको माग बमोजिम बजारीकरण गर्न सजिलो भएको अध्यक्ष शर्मा बताउनुहुन्छ ।

संघमा हाल ४ हजार लिटर क्षमता को दुग्ध प्रशोधन प्लान्ट, २ हजार लिटर क्षमताको १ भ्याट जेनेरेटर, २ वटा सवारी साधन  छ । कोल्ड स्टोर, स्टोरेज टंकी आदी भौतिक बस्तुहरु चालु अवस्थामा रहेका छन । यस सहकारी संघमा १८ वटा दुग्ध उत्पादक सहकारी संस्थाको आवद्धता छ । यस संघले आफ्नो कारोबार गर्नको लागि राष्ट्रिय सहकारी बैक लिमिटेड दमौली शाखामा बैंक खाता खोली बचत तथा ऋण सम्बन्धी कारोवार गर्दै आएको छ ।

## संघको भावि कार्यक्रमहरु

१) स्थापना भएको दैनिक ४००० लिटर क्षमताको डेरी उद्योगलाई पुर्ण क्षमतामा संचालन गर्ने ।
२) संस्थाका उत्कृष्ट दुग्ध व्यवसायी कृषकहरुलाई पुस्कृत गर्ने ।
४) संघको लागी दुध ढुवानी ट्यांकर खरिद गर्ने ।
५) संस्था कृषकहरुलाई सुलभ ऋणको व्यवस्था गर्ने ।
६) पशु विमा कोष स्थापना गरी राहत उपलव्ध गराउने ।
८) चिलिङ भ्याट संचालन सम्बन्धि तालिम दिई सक्षम जनशक्ति उत्पादन गर्ने ।
९) दाना तथा चोकरको व्यवस्था गर्ने ।

**बैंकको शेयर खरिद गर्दा चाहिने आवश्यक कागजातहरुः-**

१. यस कामको लागि अख्तियार प्रदान गरीएको व्यक्ति समेत तोकी गरिएको संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपी
२. शेयर खरिदको लागि बैंकलाई लेखिएको पत्र
३. संस्थाको प्यानको प्रतिलिपी
४. संचालक समितिको नागरिकताको प्रमाणित प्रतिलिपी
५. संस्थाको पारित विनियमको प्रतिलिपी
६. संस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिपी

**बैंकमा खाता संचालन गर्दा चाहिने आवश्यक कागजातहरुः-**

१. राष्ट्रिय सहकारी बैकमा शेयर खरिद गर्ने,
२. सहकारी संघ/संस्थाको दर्ता प्रमाणपत्र,
३. संस्थाको विनियम
४. स्थायी लेखा नम्बर (प्यान)
५. संस्थाको अन्तिम वर्षको लेखापरीक्षण प्रतिवेदन
६. संस्थाको सबै संचालक समितिको नाम, ठेगाना, सम्पर्क नम्बर, फोटोका साथै तीन पुस्ते विवरण खुलाएको पत्र
७. संघ/संस्थाको तर्फबाट तोकिएको प्रतिनिधिको नाम

# समृद्धी हाँसिल गर्न सहकारी आवश्यक -नगर प्रमुख गुरुङ्ग

**दुलेगौडा**

शुक्लागण्डकी नगरपालिकाका नगरप्रमुख किसान गुरुङले नगरलाई समृद्धि बनाउनका लागि सहकारीको भुमिका महत्वपुर्ण हुने बताउनु भएको छ । राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौली शाखाले ०७६ भदौ ४ गते दुलेगौडामा आयोजना गरेको सहकारी बैंक र सदस्य संस्थाहरुबीचको अन्तरक्रिया कार्यक्रममा बोल्दै मेयर गुरुङ्ग यस्तो बताउनु भएका हो ।

“नगरको एउटा लक्ष्य छ त्यो समृद्धी हो, त्यहाँ पुग्न गरिवीसंगको लडाई लड्नुपर्ने हुन्छ ।” उहाले भन्नु भयो “हामीलाई समृद्धीमा पुर्‍याउन सहकारी र सहकारी बैंकको भुमिका महत्वपुर्ण रहेको हुन्छ ।” उहाले अन्तरक्रिया कार्यक्रममा अहिलेको परिवेशमा सहकारीले गर्नुपर्ने र गर्न नहुने कार्यहरु छुट्याई सोहि विषयमा छलफल गर्नुपर्नेमा जोड दिनुभयो ।

नगरप्रमुख गुरुङले सहकारीका हरेक शेयर सदस्यहरुले वर्षमा नाफा हात पार्ने मात्र नभएर सहकारीको हरेक विषयमा चासो दिनुपर्ने आवश्यक रहेको बताउनुभयो । उहाँले राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौली शाखाले शुक्लागण्डकीमा प्रभाव जमाउन नसकेको भन्दै यस क्षेत्रमा शाखा स्थापना गर्नुपर्नेमा जोड दिनुभयो ।
कार्यक्रममा बैंकका अध्यक्ष के.वी. उप्रेतीले सहकारीमार्फत आर्थिक रुपान्तरणका लागि सहकारी बैंक निरन्तर क्रियाशिल रहेको भन्दै राज्यका तीन वटै तहसंग समन्वय गरेर अगाडि बढ्न बैंक तत्पर रहेको बताउनुभयो । सहकारी विभागका पूर्व रजिष्ट्रार सुदर्शन प्रसाद ढकालले सहकारी सुशासन विषयमा प्रस्तुती गर्नु भएको थियो ।



राष्ट्रिय सहकारी लिमिटेड दमौली शाखाको आयोजनामा भएको अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका प्रवन्धक एवं तालिम विभाग प्रमुख राम बाबु आचार्यले सहकारी अभियानमा राष्ट्रिय सहकारी बैंक, राष्ट्रिय सहकारी बैंकको प्रारम्भ, यसको वित्तिय सेवा, प्रविधि प्राविधिक सेवा, संस्थागत विकास, २०७६/७७ का प्रमुख बित्तीय लक्ष्यहरु, आगामी वर्षका मुख्य कार्यक्रम आदि विषयमा सहजीकरण गर्नु भएको थियो ।

राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी  प्रदेशका संयोजक रामबहादुर जिसीको अध्यक्षतामा भएको सो अन्तरक्रिया कार्यक्रममा स्वागत दमौली शाखा प्रमुख उपेन्द्र दाहालले र कार्यक्रम सञ्चालन राष्ट्रिय सहकारी बैंक गोगंबु शाखाका प्रमुख विनोद भट्टराईले गर्नु भएको थियो ।

ह्वाइटहाउस पार्टि प्यालेसमा भएको सो कार्यक्रममा शुक्लागण्डकी र भिमाद नगरपालिका भित्र रहेका विभिन्न सरकारीका अध्यक्ष र प्रतिनिधीको उपस्थिति रहेको थियो ।

# सूचना तथा प्रविधिमा सक्रिय बन्दै सहकारी बैंक

ललितपुर,
राष्ट्रिय सहकारी बैंक लिमिटेडले सहकारी मार्फत समृद्ध मुलुक निर्माणमा योगदान गर्ने गरी सूचना प्रविधिको अधिकतम उपयोगमा जोड दिने भएको छ। बैंकको सूचना, सञ्चार, प्रकाशन तथा प्रविधि उप-समितिले सहकारी क्षेत्रलाई थप प्रविधि मैत्री बनाउनका लागि बैंकलाई प्रभावकारी रुपमा अगाडि बढाउनु पर्नेमा जोड दिएको छ।

उपसमितिको भदौ ९ गते सोमबार सम्पन्न वैठकले बैंकको योजना, नीति तथा कार्यक्रम, बैंकमार्फत सदस्य संघ संस्थाहरुलाई प्रदान गरिने सेवा सुविधा लगायतमा प्रविधिलाई प्रभावकारी उपयोगमा ध्यान दिन व्यवस्थापनलाई आग्रह गरेको छ।



बैठकमा बैंकको योजना र नीति निर्माणका बारेमा जानकारी दिदै बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारीहरुलाई दीगो र व्यवस्थित रुपमा सञ्चालनका लागि प्रविधिको अधिकतम उपयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा उपसमितिको सक्रियता रहनु पर्नेमा जोड दिनुभयो।

बैंकले प्रकाशन गर्ने प्रकाशन लगायत अन्य माध्यम मार्फत सहकारी मार्फत गरिएको सकारात्मक विषय तथा सहकारी मार्फत गर्न सकिने थप व्यवसायका बारेमा खोजमुलक सञ्चार सामग्री समावेश गर्न सुझाव दिनुभयो । उपसमितिका संयोजक माधवलाल देवकोटाको अध्यक्षतामा सम्पन्न वैठकले विगतमा त्रैमासिक रुपमा प्रकाशन गर्दै आएको बैंकको बुलेटिन सहकारीतालाई आगामी दिनमा द्वैमासिक रुपमा प्रकाशन गर्ने निर्णय गरेको छ।

# बैंकद्वारा सचिव गौतमलाई बधाई ज्ञापन

काठमाडौं
नेपाल सरकार भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालयका नवनियुक्त सचिव सूर्यप्रसाद गौतमलाई बैंकद्वारा बधाई ज्ञापन गरिएको छ । बैंकका अध्यक्ष के.वी. उप्रेती सहित बैंक उच्च व्यवस्थापनको समूहले बैंक परिवारको तर्फबाट नवनियुक्त सचिव गौतमलाई उहाको कार्यकक्षमै पूगी बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरिएको हो । उक्त अबसरमा नवनियुक्त सचिव गौतमले सहकारी र गरिबी निवारणको क्षेत्रमा आफुले सक्दो कार्य गर्ने तथा बैंकलाई आवश्यक सहयोग गर्ने समेत प्रतिबद्दता व्यक्त गर्नु भएको थियो। उहाँले ९ भदौमा पदबहाली गर्नुभएको थियो । ८ भदौमा मन्त्रालयमा आयोजित एक समारोहमा मन्त्री पद्मा कुमारी अर्यालले पूर्व सचिव गोपीनाथ मैनालीलाई विदाई समेत गर्नुभएको थियो । २ भदौमा बसेको मन्त्रीपरिषद्को बैठकले भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण सहित १६ मन्त्रालयका सचिवको सरुवा गर्ने निर्णय गरेको थियो । उहाँ महालेखा नियन्त्रकको कार्यालयबाट सहकारी मन्त्रालयमा आउनुभएको हो। उहाँ करिव २४ बर्ष शिक्षा मन्त्रालयमा रहनुभएको थियो।

# बैंकको नायब महाप्रबन्धकमा हरिकृष्ण सापकोटा

ललितपुर।

राष्ट्रिय सहकारी बैंक लिमिटेडको नायब महाप्रबन्धकमा हरि कृष्ण सापकोटा बढुवा हुनुभएको छ। बैंक सञ्चालक समितिको २०७६ भाद्र ९ गते बसेको बैठकको निर्णय बमोजिम सापकोटा बढुवा हुनुभएको हो।

सापकोटाले राष्ट्रिय बाणिज्य बैंक र विभिन्न बैंक तथा वित्तीय संस्था सहित राष्ट्रिय सहकारी बैंक लिमिटेडमा गरि ३० वर्ष भन्दा बढीको बैंकिङ अनुभव संगाल्नु भएको छ। उहाँ बिगत ७ बर्ष भन्दा बढी समय देखि सहकारी बैंकमा आबद्ध हुनुहुन्छ।



सहकारी बैंकमा प्रबन्धकको रुपमा प्रवेश गर्नुभएका सापकोटा सहायक महाप्रबन्धक पदवाट नायब महाप्रबन्धकमा बढुवा हुनुभएको हो । उहाले भाद्र १० गते देखि लागू हुने गरी कार्यभार समेत सम्हाली सक्नु भएको छ।

# गुणस्तरीय सहकारी समयको माग: राष्ट्रिय सभा सदस्य देवकोटा

दाङ

राष्ट्रिय सभाका सांसद अनिता देवकोटाले सहकारी क्षेत्र गुणस्तरीयरुपमा आफना शेयर सदस्यहरुलाई बित्तिय सेवा सगै आश्वकता पुर्तीको वाटोमा लाग्नु पर्ने बताउनु भएको छ । राष्ट्रिय सहकारी बैंक दाङ शाखाको आयोजनामा संचालित ३ दिने लेखा ब्यवस्थापन तालिमको समापन समारोहका प्रमुख अतिथि देवकोटाले बैंकले दाङ जिल्लामा सहकारी क्षेत्रको गुणस्तरीयता बृद्धिको लागी निकै कामहरु गरेकोमा खुसी ब्यक्त गदै लेखा तथा बित्तिय बिश्लेषण संग सम्वन्धित अन्य तालिमहरु पनि निरन्तर संचालन गरी सहकारी पादर्शिता अझ लाग्न सुझाव दिनु भएको थियो ।

समापन समारोह शाखा ब्यवस्थापन समिति संयोजक भरत बुढाथोकीको अध्यक्षता, जिल्ला सहकारी संघ दाङका अध्यक्ष गोबिन्द प्रसाद शर्मा, जिल्ला कृषि सहकारी संघ दाङका अध्यक्ष पदमा आचार्यको आतिथ्यता मा भएको कार्यक्रममा सहभागिको तर्फवाट बोल्दै गौरीसंकर सहकारीकी लेखापाल लक्ष्मी अधिकारीले तालिम निकै प्रभावकारी तथा उपलब्धिमुलक भएको बताउनु भएको थियो । आर्दश सहकारीका लेखा संयोजक तुलसि राम गिरीले सहकारी चलाईरहदा सहकारीको लेखा त्यति राम्रो संग थाहा नभएकोले राम्रो परिक्षण गर्न नसकेको अवस्थामा अवका दिनमा लेखा चेकजाँच गर्न सक्ने भएको बताउनु भएको थियो। राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजीकरणमा भएको तालिममा बिभिन्न सहकारीका ३५ जना सहभागीको सहभागीता रहेको थियो भन्ने समापन समारोह दाङ शाखा प्रमुख किरण खत्रीको सहजिकरणमा सम्पन्न भएको थियो ।

# वित्तीय संगै शिक्षा तालिममा सहकारी बैंकको जोड

ललितपुर,

दीगो सहकारी बनाउने लक्ष्यका साथ अगाडि बढेको राष्ट्रिय सहकारी बैंक लिमिटेडले वित्तीय कारोबारसंगै शिक्षा तथा तालिमलाई थप प्रभावकारी बनाउने भएको छ ।

पछिल्लो समयमा सहकारीलाई दीगो रुपमा अगाडि बढाउनका लागि वित्तीय कारोबारका अलावा विभिन्न किसिमका तालिम सञ्चालन गर्दै आएको बैंकले चालु आर्थिक वर्षमा थप प्रभावकारी तालिम सञ्चालन गर्ने जनाएको छ ।

बैंकको शिक्षा, तालिम तथा सम्मान उप-समितिको बसेको प्रथम वैठकले चालु आर्थिक वर्षमा थप प्रभावकारी तालिम सञ्चालन गर्न सञ्चालक समितिलाई सुझाव दिने निर्णय गरेको छ। बैंकका ४४ वटा शाखा तथा केन्द्रीय कार्यालय मार्फत देशभरका जिल्ला स्तरीय संघहरु, विषयगत संघहरु तथा संघ नभएका स्थानहरुमा सहकारी संस्थाहरुसंग समन्वय गरी सहकारीलाई प्रभावकारी बनाउने किसिमका तालिम सञ्चालन गरिने बैंकले जनाएको छ ।

शिक्षा, तालिम तथा सम्मान उपसमितिका संयोजक सरिता भट्टराईको अध्यक्षतामा भएको बैठकले स्थानीय तहहरुसंग समन्वय गरेर अगाडि बढ्ने गरी योजना बनाउन सञ्चालक समितिलाई सिफारिस गर्ने निर्णय गरेको उपसमितिका सदस्य सचिव एवं शिक्षा तथा तालिम विभाग प्रमुख रामबाबु आचार्यले जानकारी दिनुभयो ।

## टेवा बहुउद्देश्यीय सहकारी संस्थालाई सम्मान

ललितपुर

राष्ट्रिय सहकारी बैंक लिमिटेडको सदस्य सहकारी संस्था टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड ललितपुर हात्तिवनलाई बैंकको केन्द्रिय कार्यालयमा भदौ २४ गते एक कार्यक्रमका विच बैंकको थप शेयर खरीद गरेकोमा सम्मान गरिएको छ ।



संस्थाको यस अगाडी बैंकको ५० लाख शेयर रकम रहेकोमा पुनः थप ५० लाख खरीद गरी १ करोड पुऱ्याएको छ । उक्त अबसरमा बोल्दै टेवा बहुउद्देश्यीय सहकारीका अध्यक्ष कुमार गिरीले सहकारी बैंक सहकारी संस्थाहरुको आफ्नै बैंक भएकोले थप शेयर खरीद गरी सहकारी क्षेत्रलाई थप मजबूत गराउन आफ्नो संस्थाले जिम्मेवारी निभाएको बताउनु भएको थियो । हात्तिवन ललितपुर स्थित संस्थाले बैंकको लगनखेल शाखा कार्यालय मार्फत बैंक संग नियमित कारोवार गरिरहेको छ ।

## सहकारी समन्वय सन्जालको ४३ औ बैठक सहकारी बैंकमा

ललितपुर

सहकारी समन्वय सन्जालको ४३ औ बैठक राष्ट्रिय सहकारी बैंक लिमिटेडको केन्द्रिय कार्यालयमा भदौ २ गते सम्पन्न भएको छ । उक्त बैठकमा सरकारी निकाय, गैर सरकारी संस्था तथा सहकारी क्षेत्रका ४० भन्दा बढी संघ/संस्थाका प्रतिनिधिहरुको सहभागी रहेको थियो । बैंकको बैठक कक्षमा संचालित उक्त बैंठकमा गत बैठक पश्चात भए गरेका प्रगति विवरणको प्रस्तुति भएको थियो । राष्ट्रिय सहकारी नीति २०६९ को कार्यान्वयन योजना सम्वन्धमा, राष्ट्रिय सहकारी बैंकको प्रस्तुती, साना किसान लघु वित्त संस्थाको प्रस्तुति र सहकारी संघ/संस्थाको विकास र प्रवर्धन सम्वन्धी मार्गदर्शन सम्वन्धका एजेन्डाहरु रहेको थियो ।

राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशव बडालको अध्यक्षतामा बैठक भएको थियो । कार्यक्रममा साना किसान लद्युवित्त संस्थाका कार्यकारी निर्देशक डा शिवराम कोइराला र बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रि कुमार गुरागाईंले आ-आफ्ना निकायहरुका क्रियाकलापहरुबारे प्रस्तुत गर्नुभएको थियो । सो बैठकमा बैंकका अध्यक्ष केवी उप्रेतीले सरकारले कम ब्याजदरमा लगानी गर्ने ऋण सहकारी बैंकमार्फत उपलब्ध गराउन सकेको खण्डमा सहकारी संस्थाहरुमार्फत सदस्यहरुमा ऋण उपलब्ध गराई उत्पादन बृद्धिमा योगदान दिन सकिने बताउनुभएको थियो । आइएलओका राष्ट्रिय कार्यक्रम निर्देशक नविन कर्णले सहकारीमार्फत आफ्नो गतिविधि गरेको बताउनुभयो ।

## वर्दिवासमा नीति तथा कार्यविधि निर्माण कार्यशाला

महोत्तरी

राष्ट्रिय सहकारी बैक लिमिटेडको प्रबिधिक सहयोग तथा हेफर ईन्टरनेशनलको बित्तिय सहयोग तथा पशुपतिनगर सामाजिक उधमी महिला सहकारी संस्था बर्दिवास -९ महोत्तरीको आयोजनामा बर्दिवास न.पा. बडा नं. ९ पशुपतिनगरमा भदौ ३० देखि असोज १ गते सम्म संचालित नीति तथा कार्यबिधि निर्माण सम्बन्धि ३ दिने कार्यशाला एक कार्यक्रम बीच सम्पन्न भएको छ ।

पशुपतिनगर सामाजिक उधमी महिला सहकारी संस्थाकी सचिव तारादेवी महतोको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्थानीय जनप्रतिनिधि रामबृक्ष महतो, समाजसेवीहरु बिशुनदेव महतो, अनिलकुमार महतो, हेफर ईन्टरनेशनलका बरिष्ठ कार्यक्रम अधिकृत मिथलेस झा र राष्ट्रिय सहकारी बैकका तालिम अधिकृत तथा प्रशिक्षक सुर्यप्रसाद रिमालले आतिथ्यता रहेको थियो । समापन कार्यक्रममा बोल्दै स्थानीय जनप्रतीनिधि तथा समाजसेवीहरुले ग्रामीण भेगमा संचालीत सहकारीको बिकासमा हेफर तथा सहकारी बैकले गरेको सहयोगको सराहाना गर्दै नगरपालिका तथा स्थानीय सबैले सहकारीमार्फत उद्यमसिलताको प्रवर्द्धन गर्न सहयोग गरिरहेको वताउनुभएको थियो ।

कार्यशालामा विभिन्न सहकारीका सञ्चालक समिति, लेखा समिति, ऋण उप-समिति, शिक्षा उप-समिति, कर्मचारी तथा सकृय सदस्यहरु सहित ३० जनाको सहभागीता रहेको थियो । उक्त सहकारीका लागी आवश्यक सदस्यता सम्बन्धी नीति, सञ्चालक सम्बन्धी नीति, साधारण सभा तथा निर्वाचन नीति, बचत नीति, ऋण व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन नीति, आर्थिक प्रशासन तथा लेखा नीति, सम्पत्ति शुद्दिकरण निबारण नीति, व्यवसाय बिकास तथा बजारीकरण नीति निर्माण तथा अन्य आवश्यक नीतिहरुको निर्माणका साथै बित्तिय परामर्श तथा संस्थाको बिनियम संसोधनका लागी समेत सहजीकरण गरिएको सो ३ दिने कार्यशालाको सहजिकरण राष्ट्रिय सहकारी बैकका तालिम बिभागका अधिकृत सुर्यप्रसाद रिमालले गर्नुभएको थियो ।

# धनकुटामा संचालकहरुको क्षमता विकास तालिम

धनकुटा

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय धनकुटाको आयोजनामा सञ्चालित १ दिने सहकारी संघ/संस्थाका संचालकहरुको क्षमता विकास तालिम कार्यक्रम भदौ २८ गते सम्पन्न भएको छ। बैंकको धनकुटा शाखा प्रमुख सिद्धि कुमार श्रेष्ठको संचालनमा बैंकका तालिम अधिकृत सुर्य प्रसाद रिमालले तालिमलाई प्रशिक्षण गर्नुभएको थियो। तालिममा सहकारी क्षेत्रका विविध निति नियम, सहकारी संचालनमा अवलम्बन गर्ने गरेका विभिन्न व्यवहारीक पद्धति, कार्यविधिहरु तथा सुधार गर्नुपर्ने पक्षहरुको बारेमा छलफल भएको थियो। कार्यक्रमको समापन समारोहमा अध्यक्षता गर्दै बैंकको धनकुटा शाखा समन्वय उप-समितिका संयोजक खगेन्द्र सुवेदीले सहकारी संघ/संस्थाहरुले सहकारीका लागी बनेका निति नियमहरुलाई सही ढङ्गले पालना गर्नुपर्ने तथा विभिन्न सरकारी निकायहरुको निति तथा पद्धतिले सहकारी क्षेत्रमा आईपरेका समस्याहरुलाई क्रमशः सुधार गर्दै लैजान पहल गर्नुपर्ने कुरामा जोड दिनुभयो। तालिममा धनकुटा क्षेत्रका २९ जना सहकारीकर्मीहरुको सहभागिता रहेको थियो।

# धनगढीमा सहकारीमा विद्यमान कर सम्बन्धि गोष्ठी सम्पन्न

धनगढ़ी,

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय धनगढीको आयोजना तथा आन्तरिक राजस्व कार्यालय धनगढीको व्यवस्थापनमा भदौ ३० गते सहकारीमा विद्यमान कर विषयक एक दिने गोष्ठी कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रम आन्तरिक राजस्व कार्यालय धनगढीका कार्यालय प्रमुख गोविन्द प्रसाद अधिकारीको प्रमुख आतित्यथामा सम्पन्न भएको थियो। कैलाली जिल्लामा रहेका सहकारी संस्थाहरुलाई लक्षित गरी संचालन गरिएको उक्त कार्यक्रममा सो क्षेत्रका २५ भन्दा बढी सहकारी संस्थाहरुबाट ३३ जना सहकारीकर्मीहरुको सहभागीता रहेको थियो। उक्त कार्यक्रममा आन्तरिक राजस्व कार्यालय धनगढीका कर अधिकृत काशिराज पौड्याल, कर्मचारी नारद प्रसाद भट्ट साथै सि.ए. लोकेन्द्र ऐरले सहजीकरण गर्नुभएको थियो। कार्यक्रममा ETDS तथा आयकर ऐनको बारेमा सहभागीहरुको जिज्ञासाको सामाधान तथा कर सम्बन्धी व्यवहारिक विषयका बारेमा छलफल गरिएको थियो उक्त कार्यक्रमको संचालन राष्ट्रिय सहकारी बैंक लिमिटेड धनगढी शाखा कार्यालयका प्रमुख कृष्ण रावलले गर्नु भएको थियो।

# गोंगबुमा कर्जा तथा जोखिम ब्यबस्थापन तालिम

काठमाडौँ

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय गोंगबूको आयोजनामा भदौ २३ र २४ गते संचालित २ दिने कर्जा तथा जोखिम ब्यबस्थापन तालिम सम्पन्न भएको छ, गोंगबू क्षेत्रका विभिन्न सहकारी संघ/संस्थाका ३४ जना प्रतिनिधिहरु सहभागिता रहेको तालिममा थियो।

कर्जामा निहित जोखिम र त्यसको व्यवस्थापनका विषयबस्तु समाबेश गरी सञ्चालन गरिएको थियो भने तालिमलाई बैंकको कर्जा विभागका प्रमुख प्रमोद कुमार घिमिरे सहित बैंकको गोंगबू शाखा कार्यालयका प्रमुख बिनोद भट्टराई र तालिम विभागका कर्मचारी हिरालाल सुनारले सहजीकरण गर्नुभएको थियो।

# कलंकीमा पर्ल्स अनुगमन तालिम

काठमाडौँ

राष्ट्रिय सहकारी बैंक लिमिटेड कलंकी शाखा कार्यालयको आयोजनामा भदौ २४ देखि २६ गते सम्म संचालित ३ दिने पर्ल्स अनुगमन सम्बन्धी तालिम सम्पन्न भएको छ, बैंकको कलंकी शाखा व्यवस्थापन उप-समितिका संयोजक मनोज थापाको अध्यक्षता तथा बैंकका संचालक केदार मानन्धरको प्रमुख आतिथ्यतामा तालिम सम्पन्न भएको थियो ।

कलंकी र आसपासका क्षेत्रवाट विभिन्न सहकारी संघरसंस्थाका संचालक, ब्यबस्थापक तथा कर्मचारी गरी २६ जना प्रतिनिधिहरुको सहभागितामा तालिम स्युचाटार स्थीत परिकार ब्याङ्क्वेटमा सञ्चालन भएको थियो,

बैंकको कलंकी शाखा प्रमुख सबीना बस्नेतको संचालनमा सम्पन्न तालिमलाई प्रशिक्षक कृष्ण कुमार श्रेष्ठले सहजीकरण गर्नुभएको थियो ।

# चावहिलमा ऋण तथा जोखिम व्यवस्थापन तालिम

काठमाडौँ

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय चाबहिलको आयोजनामा भदौ २५ र २६ गते संचालित २ दिवसिय “ऋण तथा जोखिम ब्यवस्थापन तालिम” एक कार्यक्रमका विच सम्पन्न भएको छ । बैंकको चाबहिल शाखा व्यबस्थापन उप-समितिका संयोजक बिकल्प पाठकको सभापतित्वमा सम्पन्न तालिममा बैंकका संचालक ज्ञान बहादुर तामाङको प्रमुख आतिथ्यता रहेको थियो ।

चाबहिल क्षेत्रका बिभिन्न सहकारीहरुका प्रतिनिधिहरु गरी ४७ जनाको सहभागितामा सम्पन्न तालिम कार्यक्रम लाई बैंकको कर्जा अशुली विभागका प्रमुख मोहन बहादुर कार्की, कर्जा विभागका प्रमुख प्रमोद कुमार घिमिरे सहित बैंकको गोंगबू शाखा प्रमुख बिनोद भट्टराई, चाबहिल शाखा कार्यालयका प्रमुख जानुका नेपाल र तालिम विभागका कर्मचारी हिरा सुनारले ऋण तथा जोखिम ब्यवस्थापन एबं बैंकका सेवा सम्बन्धमा सहजीकरण गर्नुभएको थियो ।

# नयाँ बानेश्वरमा वार्षिक योजना तथा बजेट तर्जुमा तालिम

काठमाडौँ

राष्ट्रिय सहकारी बैंक लिमिटेड नयाँबानेश्वर शाखा कार्यालयको आयोजनामा भदौ २५ र २६ गते संचालित २ दिने वार्षिक योजना तथा बजेट तर्जुमा तालिम सम्पन्न भएको छ, तालिमको समापन अबसरमा नयाँबानेश्वर शाखा ब्यबस्थापन उप-समितिका संयोजक बाल कुमार बास्तोलाको अध्यक्षता रहेको थियो भने बैंकका सञ्चालक सरिता भट्टराईको प्रमुख आतिथ्यता रहेको थियो ।

अल्फा बिटा कम्प्लेक्स नयाँबानेश्वरमा संचालित तालिम सहकारी संघरसंस्थामा हुने वार्षिक योजना र बजेट तर्जुमा सम्बन्धी विषयहरु सम्बन्धमा संचालित थियो भने तालिमलाई प्रशिक्षक अनिल बिर बज्राचार्यले सहजीकरण गर्नुभएको थियो भने कार्यक्रमलाई बैंकको नयाँबानेश्वर शाखा प्रमुख बिष्णु गिरीले सञ्चालन गर्नुभएको थियो ।

# हरिवनमा पेशागत क्षमता विकास तालिम

सर्लाही

राष्ट्रिय सहकारी बैक लिमिटेड हरिवन शाखा कार्यालयको आयोजनामा हरिवन न.पा. बडा नं. ११, अवस्थित सगुन साकोसको हलमा भदौ २२ देखि २४ गते सम्म संचालित व्यवस्थापकको पेशागत क्षमता बिकास सम्बन्धि ३ दिने तालिम कार्यक्रमको सम्पन्न भएको छ। तालिममा सर्लाही जिल्लाका २५ वटा सहकारीका व्यवस्थापकहरुको सहभागीता रहेको थियो, तालिममा सहकारीका व्यवस्थापकहरुको भुमिका, सदस्य संगको सम्बन्ध, कार्यबिबरण तथा प्रमुख कार्यसम्पादन सुचकांक, व्यवस्थापन सुचना प्रणाली, पर्ल्स, ऋण व्यवस्थापनका बिषयमा राष्ट्रिय सहकारी बैकका तालिम अधिकृत सुर्यप्रसाद रिमालले सहजीकरण गर्नुभएको थियो ।

## धरानमा ऋण तथा जोखिम व्यवस्थापन तालिम

धरान

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय धरानको आयोजनामा भदौ २३ देखि २५ गते सम्म संचालित ३ दिवसिय ऋण तथा जोखिम व्यवस्थापन तालिम सम्पन्न भएको छ । सुनसरी जिल्लाका बिभिन्न सहकारीहरुका ६४ जनाको सहभागितामा सम्पन्न तालिम कार्यक्रमको अध्यक्षता धरान शाखा संयोजक नरेश कुमार इवारमले गर्नुभएको थियो, तालिम कार्यक्रम राष्ट्रिय सहकारी बैंक लिमिटेडका तालिम विभागका कर्मचारी नारायण बेल्वासेको सहजिकरणमा सम्पन्न भएको थियो भने तालिम कार्यक्रम बैंकको धरान शाखा कार्यालय प्रमुख सम्झना दाहालले संचालन गर्नुभएको थियो ।

## राजविराजमा सहकारी लेखा व्यवस्थापन तालिम

सप्तरी

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय राजबिराजको आयोजनामा भदौ २२ देखि २४ गते सम्म संचालित ३ दिने सहकारी लेखा व्यबस्थापन तालिम सम्पन्न भएको छ, बैंकका संचालक तथा प्रदेश नं २ का संयोजक बिश्वनाथ मण्डलको प्रमुख आतिथ्यतामामा राजबिराज शाखा व्यबस्थापन उप-समितिका संयोजक गणेश कुमार आसले कार्यक्रमको अध्यक्षता गर्नुभएको थियो ।

सप्तरी जिल्लाका २५ सहकारी संस्थाका २७ जनाको सहभागिता रहेको तालिमलाई शाखा कार्यालय लाहानका शाखा प्रमुख चिरन्जीबि तिम्सीना तथा शाखा कार्यालय राजबिराजका शाखा प्रमुख बिष्णुप्रसाद पराजुलीले सहजीकरण गर्नु भएको थियो ।

## रौतहटमा नीति तथा कार्यविधि निर्माण कार्यशाला

रौतहट

राष्ट्रिय सहकारी बैक लिमिटेडको प्राबिधिक सहयोग तथा हेफर ईन्टरनेशनलको बित्तिय सहयोगमा पारिश्रमीक सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था चन्द्रपुर-२ रौतहटको आयोजनामा संचालित कार्यबिधि निर्माण सम्बन्धि भदौ १९ देखि २१ गते सम्म संचालित ३ दिने कार्यशाला एक कार्यक्रम बीच सम्पन्न भएको छ । संस्थाकी अध्यक्ष तुलसीमाया राईको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन संस्थाकी सचिव होमा थापाले गर्नुभएको थियो । कार्यक्रममा हेफर इन्टरनेशनल नेपालका बरिष्ठ कार्यक्रम अधिकृत मिथलेश झा, कार्यक्रम अधिकृत ऋषीराज पौडेल, सोडेक नेपालका कार्यक्रम संयोजक निर्मला सुबेदी, सहकारी बैकका तालिम अधिकृत सुर्यप्रसाद रिमालको आतिथ्यता रहेको थियो ।



सहकारीका सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति, शिक्षा उपसमिति, समुह सञ्जालका प्रतिनिधि, कर्मचारी तथा सकृय सदस्यहरु सहित ३० जनाको सहभागीता रहेको ३ दिने कार्यशालामा सहकारीका लागी आवश्यक सदस्यता सम्बन्धी नीति, सञ्चालक सम्बन्धी नीति, साधारण सभा तथा निर्वाचन नीति, बचत नीति, ऋण व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन नीति, आर्थिक प्रशासन तथा लेखा नीति, सम्पत्ति शुद्धिकरण निबारण नीति, बस्तु बिकास तथा बजार व्यवस्थापन नीति निर्माणका साथै बित्तिय परामर्श तथा बिनियम संसोधनका लागी सहजीकरण गरिएको थियो । ३ दिन सम्म संचालित कार्यशालाको सहजिकरण राष्ट्रिय सहकारी बैकका तालिम बिभागका अधिकृत सुर्यप्रसाद रिमालले गनुभएको थियो ।

# न्यूरोडमा कर्जा तथा जोखिम ब्यबस्थापन तालिम

काठमाडौँ

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय न्युरोडको आयोजनामा भदौ १९ र २० गते संचालित २ दिने कर्जा तथा जोखिम ब्यबस्थापन तालिम सम्पन्न भएको छ । कार्यक्रममा न्युरोड़ क्षेत्रका विभिन्न सहकारी संघ/संस्थाका ३५ जना प्रतिनिधिहरु सहभागिता रहेको थियो ।

कर्जामा निहित जोखिम र त्यसको व्यवस्थापनका विषयबस्तु समाबेश गरी सञ्चालन गरिएको तालिमलाई बैंकको कर्जा विभागका प्रमुख प्रमोद कुमार घिमिरे सहित बैंकको गोंगबू शाखा कार्यालयका प्रमुख बिनोद भट्टराई, न्युरोड़ शाखाका प्रमुख केदारनाथ उप्रेती र तालिम विभागका कर्मचारी हिरालाल सुनारले सहजीकरण गर्नुभएको थियो ।

# बनेपामा सहकारीमा विद्यमान कर प्रणाली विषयक तालिम

बनेपा

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय बनेपाको आयोजनामा एक दिने सहकारीमा विद्यमान कर प्रणाली विषयक तालिम भदौ १८ गते सम्पन्न भएको छ । काभ्रे र सिन्धुपाल्चोकका ३७ जना प्रतिनिधिहरुको तालिममा सहभागिता रहेको थियो ।

सहकारी संघ/संस्थामा हुने कार्य र त्यस्ता कार्य अन्तर्गत लाग्ने कर सम्बन्धी विषयबस्तू समाबेश गरी सञ्चालन गरिएको तालिमलाई सिए राजकुमार फुयालले सहजीकरण गर्नुभएको थियो, तालिम कार्यक्रम समापनको अबसरमा काभ्रे जिल्ला बचत संघका अध्यक्ष रामहरी के.सी.ले सहभागीहरुलाई तालिम प्रमाणपत्र प्रदान गर्दै सहकारी बैंकले आयोजना गरेको तालिम निकै फलदायी भएको बताउदै भविष्यमा समेत यस खालका तालिमलाई निरंतरता दिन अनुरोध गर्नुभएको थियो, बनेपा स्थित उग्रचंडी होटलमा सम्पन्न भएको तालिमलाई बैंकको बनेपा शाखा प्रमुख सीता भट्टराईले सञ्चालन गर्नुभएको थियो ।

# लाहानमा सहकारी लेखा व्यवस्थापन तालिम

सिरहा,

राष्ट्रिय सहकारी बैंक लिमिटेड लहान शाखाको आयोजनामा भदौ १२ देखि १४ गते सम्म संचालित सहकारी लेखा व्यवस्थापन तालिम एक कार्यक्रमका बीच समापन भएको छ । विभिन्न २८ सहकारी संस्थाका ३३ जना प्रतिनिधिहरूको सहभागिता रहेको तालिम कार्यक्रमको समापनको अध्यक्षता बैंकको लहान शाखा समन्वय उप-समितिका संयोजक संजय महतोले गर्नुभएको थियो भने कार्यक्रममा धनगढिमाई न.पा. का उप-मेयर फुल कुमारी श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो ।

३ दिन सम्म संचालित तालिम कार्यक्रमलाई बैंकको राजबिराज शाखा कार्यालयका प्रमुख बिष्णु पराजुली, लहान शाखाका प्रमुख चिरन्जीवी तिम्सिना तथा बैंकको लहान शाखाका कर्मचारी समीर श्रेष्ठले सहजीकरण गर्नुभएको थियो ।

# पोखरामा कर्मचारीको क्षमता विकास तालिम

कास्की

राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राबिधिक सहयोग तथा मित्रमिलन कृषि सहकारी संस्था कास्कीको आयोजनामा मित्रमिलन कृषि सहकारी संस्था लिमिटेड कास्कीका कर्मचारीहरुको १ दिने क्षमता बिकास तालिम भदौ १४ गते सम्पन्न भएको छ । हिमालयन देउराली रिसोर्ट अन्नपूर्ण गाउँपालिका नागडाँडामा भएको कार्यक्रममा संस्थाका १४ जना कर्मचारीहरुको सहभागीता रहेको थियो । कार्यक्रमलाई राष्ट्रिय सहकारी बैंक पोखरा शाखाका शाखा प्रमुख सन्तोष घिमिरे, कास्की बचत संघका अध्यक्ष सुदिप ढकाल र ईन्जिनियर खुमानन्द काफ्लेले सहजीकरण गर्नुभएको थियो ।

# इटहरीमा नीति तथा कार्यविधी निर्माण तालिम

सुनसरी

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय इटहरीको आयोजनामा भदौ १२ र १३ गते संचालित दुई दिने नीति तथा कार्यबिधी निर्माण तालिम सम्पन्न भएको छ, बैंकको इटहरी शाखा प्रमुख बिरवल कुमार राजवंशीको संचालनमा शुरुवात भएको कार्यक्रम बैंकको इटहरी शाखा समन्वय उप-समितिका संयोजक सोम बहादुर श्रेष्ठको अध्यक्षतामा तथा शाखा समन्वय उप-समितिका सदस्य लिलामणी सुवेदीले स्वागत मन्तब्यमा सम्पन्न भएको थियो, गोकर्ण रिसोर्ट इटहरीमा सम्पन्न तालिममा त्यस क्षेत्रका विभिन्न सहकारी संस्थावाट ३८ जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# दाङमा लेखा व्यवस्थापन तालिम सम्पन्न

दाङ

राष्ट्रिय सहकारी बैक लिमिटेड शाखा कार्यालय दांगको आयोजनामा ३ दिवसीय लेखा व्यवस्थापन तालिम म्यांगो गार्डेन होटल घोराही दाङमा भदौ ८ देखि १० गते सम्म संचालित तालिम कार्यक्रम सम्पन्न भएको छ । तालिम कार्यक्रममा लेखाको अवधारणा, लेखाको लेखांकन गर्ने नियम, सहकारीमा भौचार प्रबिष्टि प्रकिया, चार खाता तयार पार्ने प्रकिया तथा बिधी र सहकारीको बित्तीय विवरण तयार पार्ने प्रकिया लगायतका विषयमा सहजीकरण गरिएको थियो, कार्यक्रममा विभिन्न सहकारी संघ/संस्थाबाट ३५ प्रतिनिधीहरुको सहभागिता रहेको




छ, उक्त तालिमलाई बैंकका तालिम विभागका कमर्चारी नारायण बेल्बासे र बैंकको दांग शाखा कार्यालयका प्रमुख किरण खत्रीले सहजीकरण गर्नुभएको थियो ।

# हार्दिक बधाई तथा शुभकामना

चौथो संविधान दिवसको अवसरमा **सम्माननीय राष्ट्रपति ज्यू**वाट सहकारी बिज्ञ, केन्द्रीय कृषि सहकारी संघका अध्यक्ष तथा राष्ट्रिय सहकारी महासंघका सञ्चालक **श्री खेम बहादुर पाठक ज्यू**लाई **प्रवल जनसेवा श्री (चतुर्थश्रेणी)** सम्मानवाट विभूषित गर्ने घोषणा भएकोमा हार्दिक बधाई तथा शुभकामना ब्यक्त गर्दछौ ।

**के.वी. उप्रेती**
अध्यक्ष तथा

**राष्ट्रिय सहकारी बैक लिमिटेड परिवार**

# रौतहटमा नीति तथा कार्यबिधि निर्माण कार्यशाला

रौतहट

राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राबिधिक सहयोग तथा हेफर ईन्टरनेशनलको बित्तिय सहयोग र पुर्ण सहभागीता सामाजिक उधमी महिला कृषि सहकारी संस्था चन्द्रपुर - ३, रौतहटको आयोजनामा चन्द्रपुर न.पा. बडा नं ३, गैडाटारमा भदौ ८ देखि १० गते सम्म संचालित नीति तथा कार्यबिधि निर्माण सम्बन्धि ३ दिने कार्यशाला एक कार्यक्रम बीच सम्पन्न भएको हो। पुर्ण सहभागीता सामाजिक उधमी महिला कृषि सहकारी संस्थाकी अध्यक्ष सम्झना देवकोटाको अध्यक्षतामा सम्पन्न समापन कार्यक्रममा सहभागी सदस्यहरुमध्येवाट अप्सरा धिमाल, तारा वाइवा, गिता तिमल्सिनाले आफ्नो धारणा राख्दै तालिमबाट सहकारी, बचत, ऋण, संचालक तथा कर्मचारीहरुको काम, कर्तव्य र अधिकार, सदस्यता बृद्धि, सम्पति शुद्दिकरण लगायतका बिषयहरुमा सिक्ने अवसर पाएकोमा खुसि व्याक्त गर्नुभयो। सो कार्यशालामा उक्त सहकारीका सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति, शिक्षा उपसमिति, कर्मचारी तथा सकृय सदस्यहरु सहित ३२ जनाको सहभागीता रहेको थियो।

सहकारीका लागी आवश्यक सदस्यता सम्बन्धी नीति, सञ्चालक सम्बन्धी नीति, साधारण सभा तथा निर्वाचन नीति, बचत नीति, ऋण व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन नीति, आर्थिक प्रशासन तथा लेखा नीति, सम्पत्ति शुद्दिकरण निबारण नीतिहरु निर्माण तथा अन्य आवश्यक नीतिहरुको निर्माणका साथै बित्तिय परामर्स तथा संस्थाको बिनियम संसोधन लागी समेत सहजीकरण गरिएको ३ दिने कार्यशालाको सहजिकरण राष्ट्रिय सहकारी बैकका तालिम बिभागका अधिकृत सुर्यप्रसाद रिमालले गर्नुभएको थियो।

## ठिमीमा वार्षिक योजना तथा बजेट तर्जुमा तालिम

ठीमी

राष्ट्रिय सहाकारी बैंक लिमिटेड ठीमी शाखा कार्यालयको आयोजनामा भदौ ८ देखि १० गते सम्म संचालित दुई दिने वार्षिक योजना तथा बजेट तर्जुमा तालिम कार्यक्रम सम्पन्न भएको छ, भक्तपुर स्थित शंखधर पार्टी प्यालेसमा सञ्चालित उक्त तालिम कार्यक्रममा विभिन्न सहकारी संघ/संस्थाहरुबाट ४७ जना प्रतिनिधिहरुको उपस्थिति रहको थियो, सो कार्यक्रममा सहभागी पधाधिकारीहरुलाई सहकारीमा संचालक समिति तथा लेखा समितिका काम कर्तव्य अधिकार तथा संस्थाको वार्षिक योजना तर्जुमा बजेट र कार्यान्वयन लगायतका विषयमा सहजीकरण गराएको थियो।

## ललितपुरमा सहजीकरण सम्बन्धि कार्यक्रम

ललितपुर

गुणकेरा कृषि सहकारी संस्था हरिसिद्धी ललितपुरको आयोजनामा र राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा १ दिने सहजीकरण कार्यक्रम भदौ ७ गते सम्पन्न भएको छ, उक्त सहजीकरण




कार्यक्रममा सहकारीका संचालक समिति र लेखा समिति सहितका पधाधिकारीहरुको सहभागी भएको थिए, कार्यक्रममा सहभागी पधाधिकारीहरुलाई सहकारीमा संचालक समिति तथा लेखा समितिका काम कर्तव्य अधिकार तथा संस्थाको वार्षिक योजना तर्जुमा लगायतका विषयमा राष्ट्रिय सहकारी बैक लिमिटेड लगनखेल शाखा प्रमुख रमा घिमिरेले सहजीकरण गर्नुभएको थियो।

# सर्लाहीमा नीति तथा कार्यविधि निर्माण कार्यशाला

सर्लाही

राष्ट्रिय सहकारी बैक लिमिटेडको प्राबिधिक सहयोग तथा हेफर ईन्टरनेशनलको बित्तिय सहयोग र न्यू उदय सामाजिक उधमी महिला कृषि सहकारी संस्था लालबन्दी -१६ सर्लाहीको आयोजनामा लालबन्दी न.पा. बडा नं १६, परवानीपुरमा भदौ ५ गते देखि ७ गते सम्म संचालित नीति तथा कार्यबिधि निर्माण सम्बन्धी ३ दिने कार्यशाला सम्पन्न भएको छ ।




न्यु उदय सामाजिक उधमी महिला कृषि सहकारी संस्थाकी उपाध्यक्ष ललीता सापकोटाको अध्यक्षतामा सम्पन्न समापन कार्यक्रमको प्रमुख अतिथिमा लालबन्दी नगरपालिका बडा नं. १६ का वडाध्यक्ष गणेशबहादुर थापा र अतिथिमा स्थानीय शिक्षक अर्जुनप्रसाद चौलागाई र राष्ट्रिय सहकारी बैकका तालिम अधिकृत सुर्यप्रसाद रिमाल रहनुभएको थियो ।

समापनको अबसरमा प्रमुख अतिथि थापाले सहकारी संस्था मार्फत उधमशिलताको बिकासमा हरतरहले सहयोग गर्ने बताउनुभयो । संस्थाकी उपाध्यक्ष सापकोटाले बिचार व्यक्त गर्दै सबैको गहन छलफलबाट निर्माण गरिएका नीतिहरुलाई सञ्चालक समितिको बैठकबाट निर्णय गराई लागु गर्ने प्रतिबद्धता जनाउनुभयो । सो कार्यशालामा उक्त सहकारीका सञ्चालक समिति, लेखा समिति, ऋण उप-समिति, शिक्षा उप-समिति, कर्मचारी तथा सक्रिय सदस्यहरु सहित २७ जनाको सहभागीता रहेको थियो ।

सहकारीका लागी आवश्यक सदस्यता सम्बन्धी नीति, सञ्चालक सम्बन्धी नीति, साधारण सभा तथा निर्वाचन नीति, बचत नीति, ऋण व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन नीति, आर्थिक प्रशासन तथा लेखा नीति, सम्पत्ति शुद्धिकरण, निबारण नीतिहरु निर्माण तथा अन्य आवश्यक नीतिहरुको निर्माणका साथै बित्तिय परामर्श तथा संस्थाको बिनियम संसोधनका लागी समेत सहजीकरण गरिएको सो ३ दिने कार्यशालाको सहजिकरण राष्ट्रिय सहकारी बैकका तालिम बिभागका अधिकृत सुर्यप्रसाद रिमालले गर्नुभएको थियो ।

# वर्दघाटमा वार्षिक योजना तथा बजेट तर्जुमा तालिम

नवलपरासी

राष्ट्रिय सहकारी बैंक लिमिटेड बर्दघाट शाखा कार्यालयको आयोजनामा भदौ ११ र १२ गते सम्म संचालित २ दिने बार्षिक योजना तथा बजेट तर्जुमा तालिम सम्पन्न भएको छ, बर्दघाट क्षेत्रका ३३ सहकारी संस्थावाट ३७ जना प्रतिनिधिहरुको सहभागिता रहेको कार्यक्रमको समापन अबसरमा बैंकका संचालक माधवलाई देबकोटाले सहभागीहरुलाई तालिम प्रमाणपत्र प्रदान गर्दै तालिममा सिकेका विषयहरुलाई ब्यबहारमा ल्याउने विषयमा आफु विश्वस्त भएको बताउदै भविष्यमा समेत बैंकले यस खालका तालिमहरुलाई निरन्तरता दिने बताउनु भएको थियो ।

बर्दघाट स्थित रोयल कटेजमा सम्पन्न भएको तालिमलाई सहकारी प्रशिक्षक अनिलवीर बज्राचार्यले सहजिकरण गर्नुभएको थियो भने बैंकको बर्दघाट शाखा प्रमुख सविना पोखरेलले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो ।

# लगनखेलमा वार्षिक योजना तथा बजेट तर्जुमा तालिम

ललितपुर

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय लगनखेलको आयोजनामा साउन २८ र २९ गते संचालित वार्षिक योजना तथा बजेट तर्जुमा तालिम सम्पन्न भएको छ । विभिन्न संघ/संस्थाहरूवाट ३२ जना सहकारीकर्मीहरुको सहभागीता रहेको उक्त तालिम कार्यक्रमलाई सहकारी क्षेत्रका विज्ञ प्रशिक्षक अनिलविर वज्रचार्यले सहजीकरण गर्नु भएको थियो समापन कार्यक्रममा सहभागीहरुले यस तालिमबाट धेरै कुराहरु सिक्ने अवसर प्राप्त भएको, विधि तथा प्रविधि प्रयोग गरी वार्षिक बजेट तथा कार्यक्रम बनाई लागू गरिने धारणाहरु राख्नु भएको थियो ।

समापनका अबसरमा बैंकका संचालक रामहरी वजगाईले यस तालिमबाट सिकेका सम्पूर्ण विधि, प्रक्रियाहरु आगामी दिनमा पूर्ण रुपमा पालना गर्ने तथा गर्नुहुन अनुरोध गर्नु हुदै तालिम तथा बैंकका अन्य कार्यक्रमहरुमा सक्रिय सहभागिता आवश्यकता रहेको र प्रत्येक कार्यक्रममा सहभागी भई नयाँ नयाँ सीप तथा ज्ञान लिन सकिने जानकारी गराउदै सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नु भएको थियो ।

२ दुई दिन सम्म संचयकोष भवन लगनखेल ललितपुरमा संचालित कार्यक्रमको संचालन बैंकको लगनखेल शाखा कार्यालयको प्रमुख रमा घिमिरेले गर्नु भएको थियो ।

# अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकको सहभागिता

- अन्तर्राष्ट्रिय सहयोग र कृषि बैकिङ प्रशिक्षण केन्द्र (CICTAB) को आयोजनामा नयाँ दिल्लीमा १२ सेप्टेम्बरमा भएको ५० औं म्यानेजिङ्ग कमिटीको बैठकमा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाईले सहभागिता जनाउनुभएको थियो ।
- अन्तर्राष्ट्रिय सहयोग र कृषि बैकिङ प्रशिक्षण केन्द्र (CICTAB) को आयोजनामा श्रीलंकाको पोलोगोल्लामा भएको सहकारी व्यवसाय मोडेल एक्सपोजर भिजिट प्रोग्राममा बैंकबाट हेटौडा शाखा कार्यालयका प्रमुख रोमश्वर अर्यालको सहभागीता रहृयो ।
- अन्तर्राष्ट्रिय सहयोग र कृषि बैकिङ प्रशिक्षण केन्द्र (CICTAB) को आयोजनामा भारतको पूणेको स्थित बैकुण्ठ मेहता राष्ट्रिय सहकारी प्रबन्धन संस्थामा १९ देखि २३ अगष्टसम्म संचालन भएको एग्री भ्यालु चेन फाइनान्सिङ सम्बन्धी अन्तर्राष्ट्रीय कार्यक्रममा बैंकले सहभागिता जनाएको छ । सो कार्यक्रममा बैंकको तर्फवाट बैंकका सदस्य संस्थाका प्रतिनिधिहरु चमेरो साकोस र खल्पिटार साकोस भक्तपुरका प्रतिनिधिहरु उद्धब बास्कोटा, भीमसेन श्रेष्ठ र ध्रुब गजुरेलको सहभागीता रहृयो ।



- अन्तर्राष्ट्रिय सहयोग र कृषि बैकिङ प्रशिक्षण केन्द्र (CICTAB) को आयोजनामा जूलाई २२ देखी २६ सम्म श्रीलंकाको कोलम्बोमा भएको सहकारी ग्रामीण वित्तिय संस्थांका संचालक समितिका लागि सहकारी सुशासन विषयक कार्यक्रममा बैंकका संचालक विश्वनाथ मण्डल, श्रमजीबी साकोसका प्रमुख कार्यकारी अधिकृत पंचलाल महतो र स्वस्तिक साकोस लाहानका अध्यक्ष हिरा घिमिरे र प्रवन्धक संचालक सत्य नारायण झाले सहभागिता जनाउनु भएको थियो ।

# "तालिमलाई लगानीका रुपमा लिने बानीको पनि विकास हुँदै छ।"

**सहकारी बैंकले के कस्तो तालिमहरु प्रदान गर्दै आएको छ ?**
बैंकले सदस्यको मागमा आधारित तालिम तथा शिक्षाका कार्यक्रम संचालन गरिरहेको छ । मूलतः यस बैंक सहकारीहरुद्वारा सहकारी अभियानको वित्तीय आवश्यकता परिपूर्तिका लागि स्थापना गरिएको हो । सदस्यको माग बमोजिम विकास गरिएको सेवा भएको हुनाले यसले उपलब्ध गराउने तालिम शिक्षा पनि त्यस्तै हुन्छ। बैंकले आफ्ना समिति, उपसमिति तथा कर्मचारीहरुको लागिर आफ्ना सदस्य सहकारी संघ/संस्थाहरुलाई तालिम शिक्षा उपलब्ध गराउँदै आएको छ। आफैले आयोजना गर्नुका साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरुमा सदस्यहरुलाई सहभागी गराउने गर्दछौं। कर्मचारीहरुको निरन्तर क्षमता बृद्धि गराउने क्रममा हरेक कर्मचारीलाई हरेक वर्ष कम्तिमा एउटा तालिम उपलब्ध गराउने क्रमको शुरुवात गरिएको छ।
सदस्य सहकारी संघ/संस्थाका समिति, कर्मचारी एवं सदस्यहरुका लागि सम-सामयिक सवालबारेमा जानकारी गराउनुका साथै संस्थागत एवं व्यक्तिगत क्षमता विकासका लागि सुशासन, व्यावसायिक विकास एवं वित्तीय तथा सहकारी मापदण्ड लगायतका विषयमा शाखास्तर तथा केन्द्रीय स्तरबाट विभिन्न तालिम, गोष्ठीलगायतका कार्यक्रम आयोजना भैरहेका छन्।

**सहकारी क्षेत्रमा तालिमको आवश्यकता कत्तिको देख्नु भएको छ ?**
सहकारी गठन गर्ने, सञ्चालन गर्ने, संस्थागत विकास गर्ने र व्यावसायिक रुपमा सफल बनाउँदै स्वस्थ र दीगो बनाउने कार्यका लागि निरन्तर रुपमा ज्ञान, सीप र क्षमतामा बृद्धि हुँदै जानु आवश्यक हुन्छ। सहकारीको सात सिद्धान्तमध्ये एक तालिम, शिक्षा र सूचना भन्ने छ । त्यसैले सहकारीमा निरन्तर सिकाई हुनपर्छ । सहकारी भनेको व्यवसायीक मोडेल हो । सहकारी संस्थागत विकास र यसले उत्पादन गरेको बस्तु तथा सेवाहरुको बजारीकरणका लागि आवश्यक ज्ञान तालिम शिक्षाबाट नै प्राप्त हुन्छ । सहकारीको व्यावसायिक सञ्चालनका सम्बन्धित विषयको ज्ञान तथा सीप भएका कर्मचारीहरु आवश्यक पर्दछ। सहकारीको गति अनुरुप समय र बृद्धिसँगै समिति र कर्मचारीमा पनि थप ज्ञान हुनु आवश्यक हुन्छ। त्यसैले सहकारी क्षेत्रमा तालिम र शिक्षा निरन्तर चाहिन्छ। नयाँ सदस्यलाई सहकारीको विषयमा जानकारी गराउने पुरानालाई क्षमता बृद्धि गराउने विषय निरन्तर हुनुपर्छ।

**शुल्क लिएर तालिम लिनुपर्छ भन्ने दृष्टिकोणको अझै विकास हुन सकेको छैन भन्ने पनि सुनिन्छ। यहाँको अनुभव के छ ?**
कतिपयको मानसिकता थप सिकाईबाट सहकारी सञ्चालनलाई सहज बनाउने तर्फ भन्दा आफूले जे जानिएको छ सोही ठिक हो भन्ने प्रबृत्तिबाट अगाडि बढेको पाइन्छ भने विस्तारै थप सिकाईबाट संस्था सञ्चालनलाई सहज बनाउन सकिदो रहेछ भन्ने अनुभव पनि बढ्दै आएको छ। फलस्वरुप शुल्क तिरेर तालिम लिने बानीको विकास हुँदै गएको हामीले पाएका छौं। तैपनि तालिम माग गर्दा सकेसम्म निशुल्क पाए लिने बानी छदैछ । विस्तारै तालिममा भएको खर्च लगानीका रुपमा लिने बानीको पनि विकास हुँदै छ। तालिम शिक्षाका लागि खर्च भन्दापनि सहकारीले आगामी दिनमा प्रतिफल पाउने गरी लगानीको रुपमा हेर्ने बानीको विकास हुँदै गएको भने छ। यसको अझै विकासको लागि सहकारी बैंकले सित्तैमा तालिम दिने कुरालाई प्राथमिकतामा राखेको छैन।



**राम बाबु आचार्य**
**प्रमुख, तालिम विभाग**
**राष्ट्रिय सहकारी बैंक लिमिटेड**

**शाखा नभएको स्थानमा कसरी तालिम सञ्चालन भैरहेको छ ?**
बैंकको हरेक सेवा सदस्य संघ/संस्थासम्म पुऱ्याउने माध्यम शाखा कार्यालय हो। तालिम शिक्षालाई पनि सकेसम्म शाखा मार्फत उपलब्ध गराउने पद्धति अपनाइएको छ। जुन स्थानमा शाखा कार्यालय मार्फत कठिनाई हुन्छ त्यस्तो अवस्थामा अर्को विकल्प खोज्नु पर्ने हुन्छ। अवस्था हेरेर शाखा पछिको पहिलो विकल्पको रुपमा सदस्यहरुलाई नै हेरिन्छ।

**तालिमको प्रभावकारीता कसरी मापन गरिएको छ ?**
तालिमको प्रभावकारिता मापनको लागि औपचारिक रुपमा र प्रणालिगत रुपमै व्यवस्था गरिएको त छैन । यसलाई हामीले मनन् गर्नु पर्ने हुन्छ। तर प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा विभिन्न माध्यमबाट हामीले सुझावहरु लिने गरेका छौं । तालिम सञ्चालनको क्रममा नै हरेक अघिल्लो दिनको समिक्षा भोलीपल्ट गर्ने गरिएको छ । तालिमको अन्तमा लिखित रुपमै सहभागीहरुबाट मुल्याङ्कन फारम मार्फत संकलन गरिन्छ। तालिमका सहभागीहरु आफ्नै सदस्य संघ/संस्थाबाट हुने भएकाले अन्य कुनै पनि भेटघाटमा खुलेर बैंकको तर्फबाट सुझाव एवं प्रतिकृया लिन र सहभागीको तर्फबाट पनि खुलेर दिने गरिएको छ। सामान्यतया तालिमको समापनमा बैंकको तर्फबाट सम्भव भएसम्म केन्द्रीय उपस्थित हुने र तालिमको प्रभावकारिता लगायतका विषयमा सहभागीको सुझाव, विचार तथा अनुभव संकलन गर्ने गरिएको छ। यसले आगामी दिनलाई मार्ग निर्देशन गर्ने छ।

**बैंकका तालिम सम्बन्धी भविष्यको योजना के कस्ता छन्** ?
सहकारी बैंक नेपालमा **दीगो सहकारी** भन्ने परिकल्पना बोकेर अगाडि बढेको र सहकारीहरुद्वारा नै सञ्चालित बैंक भएकोले यसले आफ्नो आन्तरिक व्यवस्थापनका लागि मात्रै नभई सदस्यहरुका लागि पनि तालिम शिक्षा कार्यक्रम सञ्चालन गरिरहेको छ । तालिम र शिक्षा मार्फत सवल र सक्षम सहकारी बनाउने यसको परिकल्पना भएकाले पनि हामीले तालिम र शिक्षालाई फोकस गरेका छौं। त्यसैले सहकारी क्षेत्रको आवश्यकतालाई ध्यानमा राखी आफ्नो योजना बनाउनु पर्छ भन्ने बुझेको छ र सोही अनुरुपको योजना पनि तय गर्दै आएको छ। सहकारीहरुको लागि आवश्यक दक्ष जनशक्ति निर्माणको लागि दीर्घकालिन तालिम, प्रमाणिकरण गरिने तालिमका साथै औपचारिक शिक्षा सञ्चालनको समेत लक्ष्यका साथ अगाडि बढेको अवस्था छ। अन्तर्राष्ट्रिय निकायहरु लगायत देश भित्रका विश्वविद्यालय एवं तालिम प्रदायक सरकारी तथा गैरसरकारी संघ/संस्थाहरुसँग सहकार्य गर्दै सहकारीको दीगो विकासको लागि सहकारी बैंकलाई स्रोत केन्द्रको रुपमा समेत विकास गर्ने हाम्रो आगामी लक्ष्य छ।

# नमुना बन्दै सगुन शिक्षा सहकारी

**"विद्यार्थीको चौतर्फी विकास, व्यवहारिक ज्ञान, सिकाइ र गुणस्तरीय शिक्षालाई पहिलो प्राथमिकतामा राखेका कारण अहिले यो यस क्षेत्रको रोजाइको विद्यालय बनेको छ।"**

"प्रतिस्पर्धी नागरिक निर्माण हाम्रो जिम्मेवारी, चाहना अनुरुप शिक्षाको लागि सगुन शिक्षा सहकारी" मूल नाराका साथ सर्लाहि जिल्लाको हरिवन नगरपालिका वडा नं ९ मा स्थापित सहकारीको नाम हो सगुन शिक्षा सहकारी। वि.स २०५७ सालमा स्थापना भएको सगुन बचत तथा ऋण सहकारीले पाएको सफलता पछि सदस्यहरु र समुदायको मागले २०७१ सालमा सगुन शिक्षा सहकारी जन्माएको यस संस्थाका अध्यक्ष बाबुराम घिमिरे बताउनुहुन्छ। सामुदायिक विद्यालयमा देखिएको लापरवाही तथा उदासिनता र निजी क्षेत्रका संस्थागत विद्यालयमा देखिएको व्यापारीकरण, न्यून पारिश्रमिकमा काम लगाउने प्रबृति लगायत विविध समस्याहरुलाई चिर्दै समाजप्रति उत्तरदायी बनाउन यस सहकारी बिद्यालयको आवश्यकता महसुस गरिएको अध्यक्ष घिमिरे स्मरण गर्नुहुन्छ। सहकारीमा आबद्ध सदस्यकै लगानीमा, सदस्यकै व्यवस्थापनमा र सदस्यकै वालवालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने सोचले स्थापित यो विद्यालय शिक्षा क्षेत्रमा सहकारीको नयाँ आयाम हो।

स्थापनाको छोटो समयमा नै यस सहकारीले विशाल भौतिक संरचना, सुविधा सम्पन्न बस सेवा, आवासको व्यवस्था सहित समुदाय र सदस्यका बालबालिकाको सेवामा समर्पित भएको छ। देशकै नमूना सहकारी विद्यालय बनाउने सोच लिएर खोलिएको यो विद्यालयमा नर्सरी देखि ९ कक्षा सम्म पठनपाठन भइरहेकोछ। हाल यस विद्यालयको आफनो जग्गा, भवन र बसहरु गरेर करीब १२ करोड भन्दा बढिको सम्पत्ति छ। हाल विद्यालयमा ७ सय ५० जना विद्यार्थीहरु अध्ययन गरिरहेका छन्। 'भर्ना दर बर्षेनी बृद्धि भइरहेको छ। अबको ५ वर्षमा विद्यालयमा २ हजार ५ सय विद्यार्थी पुग्ने अनुमागन गर्नुहनछ विद्यालयका प्रधानाध्यापक सुबर्ण श्रेष्ठ। 'विद्यार्थीको चौतर्फी विकास, व्यवहारिक ज्ञान, सिकाइ र गुणस्तरीय शिक्षालाई पहिलो प्राथमिकतामा राखेका कारण अहिले यो यस क्षेत्रको रोजाइको विद्यालय बनेको छ।' उहाँ थप्नुहुन्छ।

विद्यार्थीहरुको चौतर्फी विकासका लागि विभिन्न अतिरिक्त कार्यक्रम संचालन गरिनुका साथै व्यवहारिक र नैतिक शिक्षा दिने गरेको प्रधानाध्यापक श्रेष्ठ बताउनुहुन्छ। विद्यालयले विद्यार्थीको क्षमता र रुचिका आधारमा सम्बन्धित विषयको तालिममा समेत सहभागीता गराउँदै व्यवहारिक बनाउँदै आएको छ। 'विद्यालयको ज्ञान किताबी मात्र हो भन्ने अवधारणालाई विस्थापित गर्दै बालबालिकाको खेलकुद, नृत्यलगायत अन्य कलाको विकास गराउनु यसको विशेषता हो। सगुनबाट सिकेर छिमेकी विद्यालयहरुले समेत सो शैलीलाई अवलम्बन गर्न थालेको स्थानीय बासिन्दा बताउँछन्। विद्यालय असल संस्कार सिकाउने, नेतृत्व विकास गर्ने, प्रविधिमैत्री बनाउने, तार्किक अन्र्तक्रिया गराउने, व्यवहारिक तथा व्यवसायिक सीप सिकाउने, वातावरणीय सुधारका अतिरिक्त कार्यहरु गराउने थलो पनि हो।

छुट्टै पहिचान बोकेको उक्त विद्यालयमा ५९ जनाले रोजगारीको अवसर पाएका छन्। रोजगारीको लागि सहकारीले क्षमता भएका स्थानीय व्यक्तिहरुलाई अवसर दिइएको छ। अन्य विद्यालयमा देखिएको कम तलब दिने परम्परालाई चिर्दै उपयुक्त आधारहरु तय गरेर सेवा सुविधाहरु दिईरहेको छ। विद्यार्थीहरु पढाई शुल्क मासिक १ हजार देखि २३ सय सम्म रहेको छ। विद्यालय अध्ययन गर्ने सदस्यका छोराछोरीहरु एकाघरका १ जना भए १० प्रतिशत, २ जना भए प्रति विद्याथी ७ दशमलब ५ प्रतिशत र ३ जना भए एक बीचको विद्यार्थीलाई निशुल्क गरिएको अध्यक्ष घिमिरे बताउनुहुन्छ।

उक्त विद्यालयले आजको अवस्थामा आउनका लागि धेरै चुनौतीको सामना गर्नुपरेको थियो। सहकारी प्रतिको सोच, सहकारी उद्यम संञ्चालनका अस्पष्ट नीति नियम, र नीजि विद्यालय र तिनका संगठनको विरोधले स्कूल चल्नै नदिने सम्मको गतिविधि भएको अनुभव छ अध्यक्ष घिमिरेसँग। तर पनि नेतृत्वको दुरगामी सोच, समुदायको सेवामा समर्पित भावना, साझा लगानी, सहकारीको मूल्यमान्यता र संस्कार, सहकारी सदस्यहरुको हौसला सहयोग र सगुन बचत तथा ऋण सहकारीको सफलताले ती चुनौतीलाई समाधान गरिदियो। चुनौतीलाई अवसरमा बदल्ने प्रतिवद्ध नेतृत्वको कारण भविष्यमा यसले आफनो लक्ष्यमा पुग्ने गति लिन सक्छ भन्ने संकेत गरेको छ।

शुरुका वर्षहरुमा सहकारीले आफनो पूर्वाधार निर्माणको कार्यहरु संचालन गरिरहेको, न्यून विद्यार्थी संख्यामा पठन पाठन गर्नु परेकोले घाटामा संचालन भएता पनि यसको दिर्घकालिन प्रतिफल सकारात्मक रहनुको साथै गुणस्तरीय शिक्षाको लागि सहकारी भन्ने माग सिर्जना गर्न सक्नेछ। साथै अन्य सहकारीका लागि विद्यालय एक सामाजिक उद्यमको रुपमा विकास गर्नुपर्ने सिकाई हुन सक्छ।

